# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४६, २०७९ साल असार १४ गते मंगलबार (Jun 28, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन** सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**सम्पर्कः ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com


# धेरैजति स्थानीय निकायले सम्पन्न गरे नीति र बजेट तर्जुमा

**मोहन कार्की**

२०७२ सालमा बनेको संविधान बमोजिम स्थापना भएका पालिकाहरु मध्य धेरैजतिले गाउँसभा र नगरसभा कार्यक्रम सम्पन्न गरिसकेका छन् । संविधाले नै संघमा जेठ १५ गतेभित्र देशको समग्र बजेट पास गरिसक्ने र असार १० गते भित्र गाउँसभा, नगरसभा राखि नीति तथा बजेट बिशेष कारण वाहेक पारित गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

सोही व्यवस्थाको पालना गर्दै धेरैजति गाउँपालिकाहरु, नगर पालिकाहरुले स्थानीय निकायमा बार्षिक रुपमा गर्ने कार्यक्रमहरु, नीति, बजेट दिर्धकालीन योजनाहरु पस्किसेका छन् ।




गाउँपालिका नगरपालिकालाई बलियो बनाएर सिंहदरवारमा रहेको अधिकार गाउँ गाउँमा पुऱ्याउने लक्ष्य राखि स्थापना गरिएका मुकामहरुका क्षेत्रमा यतिवेला बजेको कार्यन्वयन, गर्ने निकाय र सम्बन्ध राख्ने निकायहरुको चहल पहल निक्कै बढेको देखिन्छ । आर्थिक बर्षको बजेट बिनियोजित भएपछि त्यसवाट प्राप्त बजेटले गर्ने कामहरु गर्न सम्बन्धित कम्पनी, संघ/संस्थाहरु पालिकामा धाउने गर्ने गर्दछन् ।

आउदो आर्थिक बर्ष लाग्ने बित्तिक्कै हुने टेन्डरमा आफ्नो कम्पनीले काम प्राप्त गर्न सबैको ध्यान पालिका केन्द्रीत भएको छ । त्यस्तै एउटा उदारण रामेछापको उमाकुण्ड गाउँपालिकामा ठेकेदारको चहलपहलले पनि त्यहि देखाउछ । उमाकुण्डवाट हामीलाई त्याहका स्सथीयले दिएको जानकारी अनुसार त्यस पालिकामा पुरानै पालिका अध्यक्ष शेर बहादुर सुनुवारले निर्वाचनमा विजयी हाशिल गरेर पुनः पालिकाको अध्यक्ष पदमा पदीय हैशियतमा रहेको हुनाले ठेकदार र अन्य कामहरु विगतमा झैं मिलेमतोमा गर्न सजिलो हुने भएको हुनाले त्यहा अन्य पालिका भन्दा बढी भिड भएको हुन सक्ने उमाकुण्डको मुकाम च्यादलुमा व्यपार व्यवसाय गरेर बसेका स्थानीयले अनुमान गरेका छन् ।

पालिकाहरुलाई स्थानीय अधिकार प्राप्त भएपछि नेपाल अधिराज्यभरी भ्युटार बनेका थिय । कतिपय ठाउँहरुमा सकरात्मक काम भएपनि अधिकाँश पालिकाहरुमा उल्लेखिय सोचेजस्तो प्रगति हुन सकेको छैन ।

बिशेष गरेर हिमाली क्षेत्र र पाहाडी क्षेत्रवाट मानिसहरुको बसाइ सराई बढ्दो छ । त्यसलाई रोक्न पालिका स्तरमा नै उद्योग कलकारखाना वा अन्य बैकल्पिक व्यवस्थापन गर्ने तरिकाहरु नेपालका स्थानीय तहका सरकारले गरेका छैनन् भने त्यसैगरी तराइका उर्वरभुमि रहेका फाँटहरुमा सिचाँईको राम्रो प्रवन्ध गर्न नसक्दा खेतीयोग्य जमीनहरुवाट अधिक उत्पादन बढाउन सकेका छैनन् । तराईमा समेत मानिसहरुको बसोबास अव्यवस्थित बन्दै गएको छ । यस्ता समस्याहरु पनि पालिकास्तरमा ज्यूका त्यू रहेका छन् ।

आत्मनिर्भरमुखी कार्यक्रम कुनैपनि पालिकाले योजना पस्किन नसकेको हुनाले २०७९ सालको स्थानीय तहहरुले तर्जुमा गरेका बजेटले यस्ता मुलभुत स्थानीयका अधिकारलाई प्रयोग गरेर काम गर्न सनून भन्ने जनताको चाहना रहेको देखिन्छ ।

बाँकी ६ पृष्ठमा

## “सिक्किमको नवनिर्माण गर्न एकदमै जरुरी छ”



*सिक्किमका प्रखर सामाजिक अभियन्ता विशेष अन्तरवार्ता ३ पेजमा हेर्नुहोला ।*

# मन्त्री आलेद्धारा विभिन्न पूर्वाधार निर्माण आयोजनाको शिलान्यास

काठमाडौ । सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर



आलेले डोटीको जोरायल गाउँपालिका-२ मा रहेको ‘रुपसकाँडा, छहरा एवं बाँझिलेक क्षेत्रमा पूर्वाधार निर्माण’ आयोजनाको शिलान्यास गरेका छन् । उक्त आयोजनाको एक कार्यक्रमकाबीच मन्त्री आलेले शिलान्यास गरेका हुन् ।

क्रमागत योजनाका रुपमा कार्यान्वयन हुने उक्त आयोजना अन्तरगत रु नौं करोडको लागतमा रुपसकाँडा र बाँझिलेकमा होमस्टे, छहरा झरना स्थलमा शिव जीको मुर्ति, रुपसकाँडा-बाँझिलेक जोड्ने सडक निर्माण, छहरा झरना जाने सडक स्तरोन्नति, सेल्फी प्वाइन्ट लगाएतका पुर्वाधार एकीकृत रुपमा निर्माण गरिने बताइएको छ । उक्त आयोजनाको शिलान्यास गर्दै मन्त्री आलेले स्थानीय जनताले आफ्नो ठाउँ कस्तो बनाउने भनेर चासो र चिन्ता लिन आग्रह गर्दै बजेट व्यवस्था गर्ने जिम्मेवारी आफ्नो रहने प्रतिवद्धता ब्यक्त गरेका थिए । छिटफुट रुपमा पर्यटकको रोजाइ र गन्तव्य बनेको भए पनि कोरोना कहरले थन्किएको र थलिएको समयमा गत वर्ष मात्रै छहरा झरनामा दैनिक हजारौंको सङ्ख्यामा आन्तरिक र बाह्य पर्यटक भित्रिएका थिए ।

धार्मिक तथा पर्यटकीय क्षेत्र छहरा झरना हेर्न विशेष गरेर कैलाली, कञ्चनपुर, सहित पुर्वी नेपालका जिल्लाहरु र छिमेकी मूलुक भारतबाट समेत पर्यटक आउने गरेका स्थानीयवासी शंकर रावलले जानकारी कार्यक्रममा नै जानकारी दिएका थिए ।

सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री आलेको पहलमा डोटीको बडीकेदार, शैलेश्वरी लगायत खप्तड-मानसरोबर सम्मको विकासका लागि र देशका थुप्रै महत्वपूर्ण पर्यटकीय क्षेत्रमा आलेको ठुलो योगदान रहेको पर्यटन बोर्डका उपाध्यक्ष चन्द्र रिजालले कार्यक्रममा अभिब्यक्ति दिएका थिए । आयोजना

बाँकी ६ पृष्ठमा


# परिवार योजना र स्वास्थ्य सेवा सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न

काठमाडौ । मितिः २०७९ असार १० गते परिवार कल्याण महाशाखाले




स्वास्थ्य सेवा बिभागले टेकुमा परिवार योजना र स्वास्थ्य सेवा सम्बन्धि अन्तरक्रिया कार्यक्रम आयोजना गरी सम्पन्न गरेको छ । कार्यक्रमको अध्यक्षता डा. विवेक कुमार लालले गर्नुभएको थियो । कार्यक्रम सञ्चानल त्यसै शाखाकी कर्मचारी तुलसा अधिकारीले

बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# स्वतन्त्र उम्मेद्धारहरुले ल्याएको तरङग जायज छ

नेपालमा युवा नेतृत्वको कुरा जहिले उठ्ने गर्दथ्यो तर व्यवहारमा कहिल्यै लागु हुदैनथ्यो त्यस प्रबृतिको अन्त्य कुनै न कुनै तरिकाबाट नेपाली समाजले खोजेको थियो । त्यो पुरा गर्नलाई २०७९ साल बैशाख ३० गतेलाई नै कुर्नुपर्‍यो । नेपाली समाजले चाहेको नयाँ पुस्तामा नेतृत्व र प्रतिस्पर्धाको आधारमा जनविश्वास भएको नेतृत्व त्यो चाहे पार्टीको होस् वा स्वतन्त्र किन नहोस्, तर कहिल्यै राजनीतिक पार्टीले नेपाली जनताको चहाना, भावना बुझ्न कोसिस गरेनन् । त्यसैको परिणाम बाढी उर्लिए झै जनमत युवापुस्तामा नेतृत्वको पक्षम उर्लिन थालेको छ । त्यो केही स्थानीय निर्वाचनमा बाढीको रुपमा जनताले स्वतन्त्र र युवा पुस्तालाई मत दिएर जिताएका छन् भने प्रदेश/प्रतिनिधिसभाको निर्वाचनमा परकम्पको रुपमा आउने संकेत गरेको छ । धरान उपमहानगरपालिकामा स्वतन्त्रबाट विजयी भएका हर्कराज साङपाङ राई, काठमाडौ महानगरपालिकामा विजयी भएका बालेन्द्र शाह, उपमेयरमा नेकपा(एमाले)बाट सुनिता डंगोलले नेपालमा पार्टी नामको पसल खोलेर नाफा कमाउने साउजीहरुको पार्टी नामको पसल नै सुकाइदिन लागेको अवस्थामा ल्याईसकेका छन् । अर्का ब्रण्डेड टेलिभिजन कार्यक्रम प्रस्तोता रवि लामिछाने न्युज स्टुडियो छोडेर राजनीतिक मैदानमा प्रवेश गरेका छन् । त्यहा उनको रवाफ र दवावले मक्केका राजनीतिक पार्टी अरुले टेको लगाई दिएका राजनीतिक पार्टीहरु गलम्म गुंलुम्म भग्नबशेष हुने सम्भावना प्रवल छ । त्यो पराकम्प फैलने क्रममा जो-जो युवा अवस्थाका राजनीतिक पार्टी भित्रै छन् उनिहरु जो-जो पराकम्पको महसुस गरेर भाग्न सक्छन् । ति घाइते हुदै भए पनि बाच्लान् । बाँकी रहेकालाई रामराम भन्दै भगवान भरोसा वाहेक अरु कुनै विकल्प बाँकी रहला जस्तो छैन । परिस्थितिले त्यही भनिरहेको छ ।

यो अवस्था कसरी आयो त ?

नेपालमा झण्डै ७४ बर्ष अगाडि जंग बहादुरको नाम लिदै राणा शासनलाई गाली गलौज गरेर प्रजातन्त्रको लागि भनेर ल्याईको व्यवस्थाले जंग बहादुरले गाडेका पिलर उखाल्ने र नेपालको भुमि खुम्च्याउने, नेपालमा नै गरिखाने नेपालीहरुलाई विदेशमा पठाएर परनिर्भर बनाउने, उद्योग कलकारखाना बन्द गराउने, खेती वालीहुने ठाउँहरुमा कक्रिट घर बनाउन पलटिङ गर्ने, बलियो रहेको अन्तराष्ट्रिय कुटनीति विर्गार्ने, २००४ सालमा नेपाली काँग्रेस खोल्दा जो जो पार्टीमा लागेका थिए, २००६ सालमा जो-जो कम्युष्टि पार्टीमा लागेका थिए तिनिहरु कालगतिले स्वर्गीय भए बाँकी रहेका २००४६ सालमा नेपालको हितलाई भन्दा विदेशी हितलाई संरक्षण गर्नको लागि उठाइएको नेतृत्व गरेका व्यक्तिहरु वाहेक यो नेपालमा कोही महत्वपुर्ण राज्यको नीति, विधि, विधान लेख्ने ठाउँमा पुग्न नदिने विदेशी निर्देशनका मानिसहरु नै नेपालका राजनीतिक पार्टीका प्रमुख भइराखेका थिए ।

त्यो समयबाट यो समयसम्म आउदा नेपालका उद्योग कलकारखाना बन्द गराएको र नेपालको अथाहा सम्भावना भएको क्षेत्रमा काम हुन नसकेको देख्दा प्रयास गर्नेहरुलाई असफल बनाइएको चरम दमनको नीतिले र देश-देशसँग गरेका असमान सन्धि, सम्झौताहरुले नेपाललाई पारेको दुरगामी असरवाट जनताले परिवर्तन खोजेकै हुन् ।

रवि लामिछानेहरुवाट यो सम्भव छ त ?

नेपालमा युवा ट्रेन्डको शुरुवात गर्ने चलन उज्वल थापाको नेतृत्वमा विवेकशील अभियानले बसन्तपुर डबलीमा नयाँ प्रविधिको प्रयोग गरेर भएको थियो । तर पछि विवेकशील पार्टीको रुपमा विकास भयो र विधवत रुपमा निर्वाचन आयोगमा दर्ताभई निर्वाचनमा विवेकशील पार्टी प्रतिस्पर्धामा उत्रियो, पछि अन्तराष्ट्रियस्तरको विविसी न्युजका प्रख्यात पुर्व पत्रकार रविन्द्र मिश्रले साझा पार्टी स्थापना गरे त्यो पार्टी मिलेर बनेको विवेकशील साझा पार्टीको नामकरणमा समाहित भयो । नयाँ पुस्तालाई ट्रेन्डको रुपमा सवलीकरण गराउने सोचका प्रवतक उज्वल थापाको निधनले केही न केही दवाव बढेको छ । उज्वल थापाको नेतृत्वमा शुरु भएको अभियान उनको अप्रत्याशित स्वर्गरोहणले नेपालका देशभक्त युवा ट्रेन्ड र नेपाल देशका हरेक नागरिकले प्रत्येक क्षणमा प्रत्येक काम गराईमा देश सम्झने अभियानमा केही धक्का पुगेपनि त्यो अभियान रोकीएको छैन । अहिले हजारौ त पक्कै पुगेका छैनन् होला त्यो चेतनाका क्षमता भएका तर अभियालाई साथ दिने लाखौं पुगेका छन् । त्यो विवेकशीलले तय गरेको अभियान कै निरन्तरता हो भने रवि लामिछानेको देशसँग सम्बन्ध बढ्न सक्छ । त्यो भन्दा फरक ढंङगावाट कोही कसैले दिएको सल्लाह सुझावमा वा चितवनमा भएको सालिकरामको आत्म हत्यामा रवि लामिछानेको नाम मुछिदा पाएको कष्टडीमय पिडालाई आवेगको रुपमा मात्र व्यक्त गरिएको हो भने रवि लामिछानेको लागि निर्वाचनमा विजय हाशिल गरेपनि राजनीतिक सफलता हाशिल नहुन सक्छ ।

कतिछन् देशलाई माया गर्ने युवाहरु

नेपालमा काठमाडौं आसपासमा बसेर राष्ट्रवादको नारा लगाउने अरुको विरोध मात्र गर्न जान्नेहरुको समुह वेला वेलामा देखिन्छ । त्यसलाई राष्ट्रवादी वा देशलाई माया गर्ने भनेर चिनिहाल्नु भुल मात्र हुन्छ । तर केही तथ्यगत आधारमा विषय उठायका छन् भने अभिलेखको लागि काम लाग्छ । भलै देशको हितमा कुरा मात्र गर्दा पनि देशप्रति उत्साह जगाउछ । त्यसलाई राम्रो मान्नुपर्छ । तर त्यो भन्दा हजारौं गुणाले निपुण देशभक्त नेपालमा गाउँका कुना देखि शहरमै पनि चुपचाप आ□नो कर्म गरेर राष्ट्रलाई योगदान पुर्‍याएका हजारौं देशभक्त बृद्धा देखि युवासम्म नेपालमै छन् । यस्ता कर्म गरेर देशलाई माया गरेको आधार प्रस्तुत गर्न सक्ने युवाहरुले पनि देशको नेतृत्व गर्ने ठाउँमा आट गरेर प्रतिस्पर्धामा उत्रिनुपर्छ । जसलाई नेपाली माटोमा लडिबुडी खेलेको, घास, दाउरा गरेको, देखि देशले राष्ट्रिय-अन्तराष्ट्रिय सम्मको विश्लेषण गर्न सक्ने क्षमता राख्छ । त्यस्तै अनुभवि ज्ञान भएको युवा पुस्ता देशले खोजेको छ । हाउडे नेता खेजेको छैन ।

कुनैवेला विपी युवा थिए, युवा अवस्थामा नै प्रधानमन्त्री नै भए, पुष्पलाल पार्टी स्थापना गर्दा युवा नै थिए । तर उनको मृत्युसमेत नेपालमा भएन । अहिलेका जति संदनमा सत्तामा छन् । सवै युवा हुदा नै केन्द्रीय सदस्य भएर आएकाहरु हुन् । ति मध्य कति योग्य छन् । त्यस्तै हो अहिले आएको युवाको लहर, तर व्यवस्थापनमा भुत, वर्तमान र भविष्यलाई निर्धारण गर्ने विषयमा नीतिगत निर्णय नगरीकन युवा पुस्तामा आएको ट्रेन्ड विश्वसनीय हुन सक्दैन ।

अहिले आएको युवापुस्ता प्रतिको माहोललाई नेतृत्व गरिरहेका युवापुस्ताहरुले सयमित हुदै स्वस्थ प्रतिस्पर्धा पत्यारिलो आधार पेश गर्न सक्ने युवाहरुले नेतृत्व गर्ने आधार पेश गर्न सक्नुपर्छ । त्यो भनेको आफ्नो देशको सार्वभौमिकता, मानिसहरुको अर्थतन्त्रमा बृद्धि गर्ने सोच यति दुइटा विषयमा विश्वसनीय वातावरण बनाएमा देशका पुराना पुस्ताको असफलतालाई फालेर सफलताको जग बसाउन सक्ने आधार देखिन्छ । यस्तै विषयहरुमा जन आकाशको प्रकाशन २०७३ देखि अनलाईन संस्करण र २०६५ देखि नै छापा संस्करण प्रकाशनमा छन् । युवा राष्ट्रवादी, देशभक्त हुँ भन्नेहरुले पढ्न सुझाव छ । यो विशेष परिस्थिति आएको हुनाले यि कोर्शहरु पढ्न आग्रह गरिएको हो ।

# स्थानीय सरकारको प्रभावकारिता

**लक्ष्मी विलास कोइराला**

स्थानीय सरकारको पृष्ठभूमि

स्थानीय सरकार देशको शासन सञ्चालनको एउटा महत्वपूर्ण आधार, प्रमुख संयन्त्र र संरचना हो । तृणमूल तहमा प्रत्यक्षरूपमा प्रजातान्त्रिक अभ्यास गर्ने थलोका रूपमा स्थानीय निकाय परिचित छन् भने नागरिकलाई नगिच रहेर सार्वजनिक सेवाप्रवाह गर्ने सरकारका रूपमा पनि अनुभवसिद्ध छन् । स्थानीय सरकारले जनताको नगिच रहेर जनताका आवश्यकता र चाहना स्थानीय स्रोतसाधन परिचालन गरेर पूरा गर्दछ र तीनै जनताप्रति उत्तरदायी हुन्छ । स्थानीय सरकारलाई जे नाम दिए पनि स्थानीय सरकारको अभ्यास आदिम कालदेखि नै भएको देखिन्छ । इजिप्ट र ग्रिसका सिटी स्टेटले स्वतन्त्ररूपमा शासन सञ्चालन गरेका दृष्टान्त छन् भने नेसनस्टेटको उदयपछि विलिन प्रायः भएका इतिहास पनि छ । सिटी स्टेट स्थानीय सरकारको एउटा रूप थियो भने नेसनस्टेटको आरम्भसँगै स्थानीय सरकार केन्द्रको बिस्तारित निकायका रूपमा रहन गएको देखिन्छ । नेपालको इतिहास अध्ययन गर्दा लिच्छवी र मल्ल कालमा भएको पाञ्चालिको अभ्यास र नेपाल एकीकरणको समयमा पृथ्वीनारायण शाहले विजित राज्यलाई निश्चित कर बुझाएर पूर्ववत शासन गर्ने स्वायतता दिनुलाई स्थानीय सरकार र विकेन्द्रीकरणको आरम्भ र अभ्यासको प्रस्थान बिन्दु मान्न सकिन्छ ।

राणाकालमा भीमसेन थापाले बनाएका ३९ जिल्लालाई ३२ जिल्लामा रूपान्तरण गरिएको थियो भने स्थानीय तहमा जनतालाई सरकारी सेवाप्रवाह र न्याय प्रदान गर्न प्रशासनिक युनिट गौडा, गढी र रजौटाहरू रहेका थिए । नेपालको वैधानिक कानुन २००४ ले पहिलोपटक ३२ जिल्ला, चार नगर पञ्चायतको व्यवस्था गरी स्थानीय सरकारलाई कानुनी हैसियत दिएको देखिन्छ भने नेपालको संविधान २०१९ ले विकेन्द्रीकरण सिद्धान्तलाई अंगिकार गरी गाउँ, नगर र जिल्ला पञ्चायत सिर्जना गरी शासन सञ्चालनलाई स्थानीय जनताको नगिच पुर्‍याउने पहलमा इट्टा थप्ने काम गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन गर्नका लागि समय समयमा अलग अलग ऐन तर्जुमा गरी व्यवस्थापन गरिरहेकोमा २०५६ मा बनेको स्थानीय स्वायत शासन ऐनले स्थानीय तहलाई काम गर्न सक्नेगरी जिम्मेवारी, अधिकार, स्रोतसाधन र कर्मचारी व्यवस्थासम्बन्धी आवश्यक अधिकार निक्षेपण गरेको थियो । स्थानीय सरकारको आफ्नै विशेषता रहेका हुन्छन् । संवैधानिक मान्यता, स्पष्ट परिभाषित सानो भौगोलिक क्षेत्र, संविधानमा नै जिम्मेवारी र अधिकारको व्यवस्था, आफ्नै राजस्व स्रोत, कार्यसम्पादन स्वायतता, आफ्नै संगठन र कर्मचारी तथा केन्द्रीय नियमन नियन्त्रण जस्ता विशेषता स्थानीय सरकारमा पाइन्छन् । २०७२ सालमा नेपालको संविधान जारी हुनुभन्दा अगाडि नेपालमा १४ अञ्चल, जिल्ला ७५, गाउँपालिका ३ हजार १ सय ५७ वटा, नगरपालिका २ सय १७, महानगरपालिका एक र उपमहानगरपालिका १२ वटा स्थानीय सरकार क्रियाशील थिए ।

नेपालको संविधानले एकात्मक शासन प्रणालीलाई संघीय शासन प्रणालीमा रूपान्तरण गरेको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना निर्माण गरेको छ । संघ, प्रदेश र स्थानीय तहबीच सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ । संविधानले संघ, प्रदेशका साथसाथै स्थानीय तहका सरकारको कार्यक्षेत्र र अधिकार स्पष्ट गरी स्थानीय सरकारको आवश्यकता र महत्वलाई उच्च बनाएको छ । राज्यशक्तिको प्रयोग गर्न तीन तहका सरकार संविधान र कानुनको अधीनमा रही स्वतन्त्र छन् भने कार्यसम्पादनको सन्दर्भमा सरकारका तहबीच अन्तरसम्बन्ध र समन्वय विकासका लागि अन्तरक्रिया गर्ने संयन्त्र तथा विवाद व्यवस्थापनका लागि अन्तर प्रदेश परिषद्को व्यवस्था पनि गरिएको छ । साथै, वित्तीय संघीयतालाई सार्थक रूपमा कार्यान्वयन गर्न संविधानले विभिन्न अनुदान र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ । संविधानले स्थानीय सेवाप्रवाह गर्ने, स्थानीय स्तरका विकास आयोजना निर्माण र कार्यान्वयन गर्ने, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने, स्थानीय बजारको व्यवस्थापन, वातावरणको संरक्षण र जैविक विविधताको व्यवस्थापन गर्ने, स्थानीय पूर्वाधार ( जस्तै स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ, खानेपानी, साना जलविद्युत्, वैकल्पिक ऊर्जासम्बन्धी) निर्माण गर्ने, कृषि तथा पशुपालन व्यवस्था, ज्येष्ठ नागरिक सेवा, भाषा, कला संस्कृतिको संरक्षण जलाधार, वन्यजन्तु, खानीको संरक्षण गर्ने तथा स्थानीय तथ्यांक संकलन जस्ता एकल जिम्मेवारीको व्यवस्था गरेको छ । स्थानीय सरकारलाई स्थानीय कर उठाउन पाउने, स्थानीय तह स्तरको एफएम सञ्चालन गर्न सक्ने स्थानीय प्रहरी राख्न सक्ने अधिकार संविधानले दिएको छ भने आफ्नो लागि कर्मचारी व्यवस्थापन गर्न सक्ने अधिकार पनि दिएको छ । संघ, प्रदेश र स्थानीय तह मिलेर सम्पादन गर्ने अधिकारको सूची पनि छ । स्थानीय तहले संघ र प्रदेशको समन्वयमा रहेर शिक्षा खेलकुद, स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सुकुम्बासी व्यवस्थापन, व्यक्तिगत घटना व्यवस्थापन, वनजंगलको उपयोग र संरक्षण, सामाजिक सुरक्षा तथा विद्युत् खानेपानी सिँचाइ सेवा जस्ता जिम्मेवारी पूरा गर्नुपर्ने देखिन्छ ।

स्थानीय सरकारलाई सक्षम, उत्तरदायी र जनताप्रिय बनाउन संघ, प्रदेश र स्वयं स्थानीय तह क्रियाशील र जिम्मेवार हुनुपर्छ

संघीयतापछि नेपालमा जिल्लासभा, नगरपालिका, गाउँपालिका र वडा गरी चार किसिमका स्थानीय तह छन् भने ७७ जिल्लासभा, ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका गरी ८ सय ३० वटा स्थानीय सरकार देशमा क्रियाशील छन् । स्थानीय तह अर्थात् स्थानीय सरकार आफ्नो भौगोलिक अधिकार क्षेत्रभित्र कानुन बनाउन, नीति, योजना कार्यक्रम बनाउन र कार्यान्वयन गर्न, कर लगाउन र खर्च गर्न आयव्ययसहितको बजेट बनाउन र लागू गर्न स्वायत र अधिकार सम्पन्न छन् । यसकारण नेपाली जनताले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका छन् भने राजनीतिक वृतमा राजनीतिकर्मीले सिंहदरबारको अधिकार गाउँ पुगेको वा पुर्‍याएको दाबी गर्ने गरेको पाइन्छ ।

**स्थानीय तहको कार्यसम्पादन पक्षको समीक्षा**

संघीयतामा स्थानीय तह बलियो, सेवामुखी र उत्तरदायी भयो भने संघीय शासन प्रणाली सफल हुन्छ । संघीय शासन प्रणालीमा पहिलोपटक २०७४ सालमा सम्पन्न निर्वाचनबाट गठित स्थानीय तहका सरकारले नागरिकलाई प्रत्यक्ष प्रजातान्त्रिक शासन प्रणालीमा सहभागी गराएर जनतामा स्थानीय तहबाट जनआवश्यकताका सबै सार्वजनिक सेवा पुर्‍याउने आशा जगाएको थियो । विकेन्द्रीकरणको सिद्धान्तअनुरूप जनताको घरदैलोमा रहेका स्थानीय तहबाट सेवा पाउने अपेक्षा पनि अनौठो थिएन् । संघीयतापछि गठन भएका स्थानीय सरकारले 'स्थानीय सरकार स्थानीय सेवा दिन हो' भन्ने सन्देश दिन सफल भएका छन् । समाजमा स्थानीय सरकारसँग अधिकार छ चाहेमा काम गर्न सकिन्छ भन्ने सन्देश पनि गएको छ । स्थानीय सरकारको अभ्यासले विकास प्रशासन वडा तहसम्म पुगेको छ । स्थानीय तह जनताको चित्त बुझ्दो काम गर्न सफल भए पनि कतिपय स्थानीय तह आफ्नो कार्य सम्पादनमा चुकेको पाइन्छ । यस सन्दर्भमा स्थानीय सरकारको कार्यसम्पादन पक्षको आलोचनात्मक समीक्षाले स्थानीय सरकारलाई आफूलाई चिन्न र सुधार गर्न मार्ग प्रशस्त गर्दछ ।

स्थानीय तहले समाजमा राजनीतिक सरगर्मी बढाउनुका साथै स्थानीय पूर्वाधार बाटो, पुल, सिँचाइका ससाना कुलोपैनी बनाउने सक्रियता बढेको छ । पर्यटन विकासका लागि कला संस्कृतिको संरक्षण, होमस्टे प्रवर्द्धन गरेर, कृषि तथा पशुपालनका लागि आर्थिक अनुदान सहयोग गरेर, सामाजिक सुरक्षाका कार्यक्रम विस्तार र स्वास्थ्य सेवा परिचालन, मातृशिशु सुरक्षा, वेटी पढाओ कार्यक्रम प्रारम्भ गरेर स्थानीय नागरिकप्रति उत्तरदायी कार्यक्रम सञ्चालन गर्न खोजे पनि बजेट बनाउने सीपको अभावमा झन्डै एकतिहाइ स्थानीय तहले असार १० गतेभित्र बजेट बनाउन नसक्नु, समायोजन गरी निजामती कर्मचारीको मिलान व्यवस्थाको अन्योलले कर्मचारी सबै स्थानीय तहसम्म पुग्न नसक्नु र निर्वाचित पदाधिकारीमा रहेको मै हुँ भन्ने भावनाको विकासले कर्मचारीबीच हार्दिक सम्बन्ध विस्तार नहुँदा सबै कार्यक्रमको प्रभावकारिता र प्रभाव अपेक्षितरूपमा पैदा हुन सकेको देखिँदैन । स्थानीय सरकारको प्रभावकारिता किन सशक्त हुन सकेन भन्ने सन्दर्भमा निम्न कारण जिम्मेवार रहेको पाइन्छ । संघमा अन्तरनीहित साझा र अवशिष्ट अधिकारको कार्यान्वयन तथा संघ र प्रदेशले कानुन बनाउनुपर्ने दायित्वमा राखिएको उल्झन र अनुदान राजनीतिको कपटका कारण स्थानीय सरकार स्वतन्त्र रूपमा काम गर्न स्वायत निकायका रूपमा देखिँदैनन् । संघ वा प्रदेश वा अर्को पालिकाले बनाएको कार्यक्रम सार्ने प्रवृत्तिले स्थानीय तहमा उस्तैउस्तै ( डुप्लिकेट) योजना कार्यक्रम बनेको देखिन्छ भने जनताको मागबमोजिमका कार्यक्रम र कार्यक्रमको प्राथममिकीकरणको सर्वथा अभाव रहेको छ । बजेट निर्माणको आफ्नै प्रक्रिया र सिप हुन्छ । स्थानीय तहमा स्थानीय विकास अवस्थाको तथ्यांकको कमी छ र भएको पनि अपुरो छ । आवश्यक ज्ञानसीप र रचनाको अभावमा स्थानीय सरकारको बजेट निर्माण स्वायतता संकुचित हुन पुगेको छ । बजेट मूलतः अनुदानमुखी छ । संघ र प्रदेशबाट प्राप्त हुने अनुदानमा आधारित भएर मात्र बजेट बनाउने प्रवृत्तिले स्थानीय तहको बजेट घाटा बजेट हुन हुँदैन भन्ने सन्देश गएको छ । राजस्व संकलन क्षमताको कमीको कारण स्थानीय तहले आफ्नो राजस्व क्षमता पहिचान गर्न सकेका छैनन् । स्थानीय तहमा दरबन्दीअनुसारको कर्मचारीको अभावले स्थानीय सरकारका कार्यक्रम र योजनाहरू कार्यान्वयनमा शिथिलता आउने गरेको देखिन्छ । पुँजीगत खर्च एकतिहाइभन्दा माथि हुन सकेको छैन भने आर्थिक सुशासनको अभावमा वेरुजू र आर्थिक अनियमितता बढेको छ । वित्तीय उत्तरदायित्व कमजोर छ । जसले गर्दा संघ प्रदेशमा हुने भ्रष्टाचार प्रवृत्ति पनि केन्द्रबाट स्थानीय सरकारमा निक्षेपण हुँदै गएको छ भन्ने बुझाइ छ ।

स्थानीय सरकार आफ्नो भौगोलिक अधिकार क्षेत्रभित्र कानुन बनाउन, नीति, योजना कार्यक्रम बनाउन र कार्यान्वयन गर्न, कर लगाउन र खर्च गर्न आयव्ययसहितको बजेट बनाउन र लागू गर्न स्वायत र अधिकार सम्पन्न छन्

विभिन्न राजनीतिक दलबाट प्रतिस्पर्धा गरेर विजय भएका जनप्रतिनिधिको शैक्षिक योग्यता र अनुभव फरक फरक हुन्छ । सम्बन्धित राजनीतिक दल वा प्रशासकीय संयन्त्र उदासिन हुँदा निर्वाचित जनप्रतिनिधिलाई स्थानीय सरकार चलाउने शासन, प्रशासन र बजेटसम्बन्धी तालिमको कमी छ । जनप्रतिनिधि अपरिपक्क देखिने गरेका छन् । कुनै पनि राजनीतिक दलले आफ्नो दलबाट निर्वाचित पदाधिकारीले पदअनुसार गर्नुपर्ने काम जिम्मेवारीपूर्वक गरेको छ छैन भनेर अनुगमन गर्ने व्यवस्था पनि छैन । स्थानीय तहमा कर्मचारीको सर्वथा अभाव रहेको देखिन्छ । आफ्नो पालिकाका जनताका लागि तथा आफ्नो पालिकाको संगठनका लागि ऐन, कर्मचारी र मानव संशाधन विकास कार्यक्रमको अभाव छ । संघ र प्रदेशले बनाउने कानुनको आधारमा स्थानीय तहले आफ्नो कानुन बनाएर काम गर्नुपर्नेमा संघ र प्रदेशले कानुन नबनाउन स्थानीय सरकारले राम्रोसँग काम गर्न सकेका छैनन् । झन् त्यसमाथि, चार किसिमका स्थानीय तहका लागि कार्यसम्पादन गर्न एउटा मात्रै स्थानीय सरकार सञ्चालन ऐन २०७४ छ । गाउँपालिकाका लागि बनाइएको ऐन महानगरपालिकाका लागि पर्याप्त भएको देखिँदैन । यसका अतिरिक्त, संविधान र कानुनमा स्थानीय तहलाई संघ र प्रदेश सरकारलाई झैं उत्तरदायी बनाउने संवैधानिक र कानुनी व्यवस्थाको अभावले पनि स्थानीय सरकारलाई छाडा बनाएको हो कि ? भने जस्तो पनि देखिन्छ ।

**अबको बाटो**

संघीयता वा एकात्मक जस्तोसुकै शासन प्रणाली केन्द्रमा भए पनि विकेन्द्रीकरणको सिद्धान्तअनुरूप स्थानीय सरकारको गठन र सञ्चालन अपरिहार्य आवश्यकता हो । स्थानीय सरकारको मान्यता 'स्थानीय जिम्मेवारी पूरा गर्ने अधिकार स्थानीय सरकारको अधिकार हो' भन्ने रहेको हुन्छ । स्थानीय सरकार स्वशासन र साझेदारी (सेल्फरुल र सेयर्डरुल) शासनका मियो हुन् भने संघ र प्रदेशका कार्यक्रम कार्यान्वयनका आधारस्तम्भ पनि हुन् । संघ र प्रदेशका अधिकांश कार्यक्रम स्थानीय सरकारमार्फत सशर्त अनुदान, निशर्त अनुदान, विशेष अनुदान वा कानुनको निर्माण गरी कार्यान्वयन गरिएका हुन्छन् । भिन्न भिन्न तहका सरकार भए पनि ती सरकार बनाउने जनता र सरकारले सेवा पुर्‍याउनुपर्ने जनता समान वा एउटै हुन् । यसकारण संघीय शासन प्रणालीमा सरकारका तहबीच अन्तरक्रिया, अन्तरसम्बन्ध र समन्वयले समग्रमा नागरिकलाई सेवाप्रवाह गर्ने दायित्व पूरा गर्न राष्ट्रिय शासन प्रणालीलाई नै सफल बनाउँछ ।

संघीय शासन प्रणालीको सुन्दरता भनेको स्थानीय तहबाट निर्वाचित पदाधिकारी आफनो कार्यजिम्मेवारीप्रति स्थानीय तहमा नै उत्तरदायी हुनु हो भने खराब पक्ष देशको भौगोलिक अखण्डतामाथि चुनौती खडा गर्नु हो । यसकारण संघीयतामा खराब पक्षलाई हेरेर संघीय नियन्त्रणलाई सशक्त बनाइएको हुन्छ । संघीय कानुन सर्वोच्च हुनु, संघीय निर्देशन प्रदेश र स्थानीय तहले पालना गर्नुपर्ने बाध्यकारी व्यवस्था हुन, राजस्वको ठूलो हिस्सा संघमा संकलित हुनु सबै संघीय नियन्त्रणका उदाहरण हुन् ।

*बाँकी ६ पृष्ठमा*

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# "सिक्किमको नवनिर्माण गर्न एकदमै जरुरी छ"



**गणेश राई**

*गणेश राई दु:ख, कष्ट, संघर्ष, अभाव र गरिवी झेलेर आउनुभएका एक खारिएका नेता हुनुहुन्छ । उहाँ छात्र जीवनदेखि नै पढाइमा जेहेन्दार हुनुहुन्थ्यो । राई स्कुलदेखि कलेजस्तरको पढाइमा पहिलो दर्जामै आइरहनुभयो । आफ्ना साथी सहकर्मीहरुलाई पनि पुस्तक पढ्न, विविध ज्ञान हाशिल गर्न प्रेरित गरिरहने गणेश राई समाजकै प्रिय व्यक्तिका रुपमा चिनिनुहुन्छ । छात्रजीवनमै साहित्यिक पत्रिका प्रकाशन गरेर, सामाजिक, सांस्कृतिक संस्था खोलेर समाजलाई चेतना र जागरण अभियानतर्फ अघि बढाउन पूर्ण क्रियाशील हुनुहुन्थ्यो भन्ने कुरा उहाँको मल्ली क्षेत्रको समाजले अहिले पनि स्मरण गर्छ । अँग्रेजी, बाङ्गला, हिन्दी र नेपाली भाषामा गहिरो दखल राख्नुहुने राई राष्ट्र-अन्तर्राष्ट्रिय परिस्थितिहरुका वारेमा पनि ज्ञाता हुनुहुन्छ ।*

*'सिक्किम सुधार अभियान'का प्रणेता गणेश राई प्रखर बुद्धिजीवि, राजनीतिक चिन्तक हुनुहुन्छ । सिक्किमका गाउँ-वस्ती, शहरी क्षेत्रमा सवैले रुचाइएका लोकप्रिय मृदुभाषी, मिलनसार, राईसित सिक्किमेली समाज, सामाजिक, राजनीतिक एंवम् आर्थिक पर्यटनलगायत समसामयिक बिषयहरुमा* ***जन आकाश साप्ताहिक****ले गरेको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । सं)*

**o यसबेला के गर्दै हुनुहुन्छ, दिनचर्या कसरी वितिरहेको छ ? सिक्किममा राजनीतिक सरगर्मी बढिरहेको छ, तपाई कता हुनुहुन्छ ?**

- सिक्किम भारतको बाइसौं राज्य हो । यो सुन्दर पर्वतीय शृङ्खलाहरुमा अवस्थित छ । धर्तीको स्वर्ग भनेर चिनिने यो सिक्किमलाई 'इन्द्रकील' पनि भनिन्छ । म यहाँको एक आदर्श नागरिक । ममाथि सिक्किमका धेरै जिम्मेवारीहरु छन् । यहाँका नागरिक निष्कपट छन् । आदर्श छन् । एसियन राष्ट्रका गरिब मुलुक सरह यहाँका जनताका पनि गाँस, बास, कपासका समस्या छन् । राज्यलाई संचालन गर्ने योग्य, दूरदर्शी राजनेताहरुका अभावका कारण सिक्किम झण्डै दिशाहीनको अवस्थामा पुगेको छ । यसलाई दिशा प्रदान गर्न, जनताका दुख:सुखमा, गारो साँगुरोमा सहायता पुर्‍याउन म दिन रात गाउँ वस्तीहरुमा पुगिरहेको छु । जनतासित साक्षात्कार गरिरहेको छु । सिक्किमेलीहरुलाई सवै प्रकारका समस्यावाट मुक्ति प्रदान गर्न दिन रात खटिरहेको छु ।

**o योजनाहरु के के छन् त ? चुनौतीहरु पनि छन नि ?**

- सर्वप्रथम म र मेरा साथीहरु, अभियन्ताहरु सिक्किमका समग्र वस्तीमा पुगिरहेका छौं । गाउँ र शहरोन्मुख क्षेत्रमा पनि चासोका साथ सम्पर्क गरिराखेका छौं । भौगोलिक दृष्टिकोणवाट सिक्किमका कतिपय क्षेत्रहरु अझै पनि बिकट छन् । यातायात, विद्युत, सञ्चार, खानेपानी, हेल्थपोष्ट र विद्यालयहरुको विकास हुन नसकेको अवस्था छ । युवा शक्ति राज्यका खम्बा हुन् । यी युवाहरुलाई रोजगारी प्रदान गर्न आवश्यक छ । त्यसैले सिक्किमका स्थानीय समस्या, कठिनाइ, चुनौती आदिको लगत ( च्भअयचम) राखेर योजना बनाउने र तिनलाई कार्यान्वयन तहमा पुर्‍याउने मेरो प्रयास हुनेछ ।

**o तपाईको यो अभियानले एक सशक्त पार्टीको स्वरुप लिन्छ कि लिदैंन ?**

- लोकतान्त्रिक पद्धति भएका मुलुकहरुमा राजनीति र राजनीतिक दलहरुको प्रमुख भूमिका हुन्छ । राजनीति र राजनीतिक दलहरु स्वच्छ र पारदर्शी भएपछि नै जनता सुखी र सम्पन्न हुन्छन् । विश्वमै लोकतन्त्रका लागि भारत उदाहरणीय राष्ट्र हो । सिक्किम भारतको एक अङग हो । तसर्थ लोकतन्त्रको रक्षा गर्ने माध्यम स्वच्छ राजनीति हो । राजनीति संचालन गर्न सवै क्षेत्रका जनप्रतिनिधिहरु भएको संगठित दल चाहिन्छ । हामीले दलमा रुपान्तरण हुनै पर्छ ।

**o सिक्किममा एसडीएफ, एसकेएम, भाजपा लगायतका राजनीतिक पार्टीहरु हुँदाहुँदै फेरि तपाईहरुको नयाँ राजनीतिक पार्टी आएर चमत्कार नै हुन्छ र ?**

- अरु राजनीतिक पार्टीहरुमाथि आरोप लान्छना लगाइरहन आवश्यक छैन । उहाँहरुको स्वविवेकको कुरा हो । सिक्किम र सिक्किमेली जनतालाई उहाँहरुले चित्त बुझाउन सक्नु भएको भए हामीले नयाँ राजनीतिक पार्टी स्थापना गर्नुपर्ने थिएन । लोकतन्त्रमा स्वस्थ्य प्रतिस्पर्धा गर्न सवैलाई छुट छ । भारतको संविधानले प्रदान गरेको अधिकारअनुसार हामी स्वस्थ्य प्रतिस्पर्धा गर्न काविल छौं ।

यसबेला सिक्किम लथालिङग छ । चारैतिर उकुसमुकुस छ । सत्तासित निकट भएका केही व्यक्ति र समुदायलाई मात्र सुख भोग होला । तर राज्यका अधिकाँश जनता दुखी छन् । युवा जनशक्ति बेरोजगारीको मारमा परेको छ । विकासको गति ठप्प छ । सिक्किम बनाउन चाहनेलाई मेरो साथ र समर्थन छ । सिक्किम बचाउने साझा दायित्व हामी सम्पूर्ण सिक्किमेलीहरुको हो । तर भत्काउने अधिकार कसैलाई छैन । राज्यमा भएका अनियमितता र वेथितिहरुप्रति हामी सवै सतर्क हुन जरुरी छ । तपाईले हामीहरु आएपछि चमत्कार हुन्छ र भनेर प्रश्न गर्नु भएको छ । हामी योजना, प्रणाली व्यवस्थापनलाई उच्च प्राथमिकता दिएर काम गर्छौं । कसैप्रति विभेद र पूर्वाग्रह राख्दैनौं । भोटे, लाप्चे, नेपालीहरुको बाहुल्य रहेको सिक्किममा एकता छ, परस्पर सद्भाव छ । यो एकता र सद्भावलाई कदाचित् खलबलिन दिदैनौ । त्यसैले हामी चमत्कारमा होइन, सिस्टममा विश्वास गर्छौ । सिष्टम बैज्ञानिक र व्यवहारिक भएपछि सवै कुरा ठिक हुन्छ ।

**o तपाईले प्रणालीलाई प्राथमिकता दिनु भएको छ, व्यवस्थापनका कुराहरुलाई महत्व दिनु भएको छ । यो कसरी सम्भव छ ? तपाईहरुलाई सवैको सहयोग रहन्छ त ?**

- "सिस्टम मेनेजमेन्ट"वाट विश्वका अधिकाँश मुलुकहरुले प्रगति गरेका छन् । समृद्धि र सफलता हाशिल गरेका छन् । "ल एण्ड अर्डर" लाई ठिक ढंगवाट ल्याउने छौं । उचित व्यक्ति उचित स्थानको सिद्धान्त ( Theory of right person,right place) लाई अवलम्बन गर्नेछौं ।

न्याय र समानतालाई महत्वका साथ व्यवहारमा ल्याउनेछौं । विविध जात, धर्म, संस्कृति, परम्परा, भाषा, भेषभूषा भएको सामाजिक एकतालाई कायम गर्दै धनी र गरिबका वीचमा रहेको विभेदलाई अन्त्य गर्नेछौ । जुनसुकै जात, धर्म, भाषा, संस्कृति, समुदायका सिक्किमेलीलाई सम्मान, सुरक्षा र पहिचान दिएर समाजमा स्थापित हुन सक्ने वातावरणको विकास गर्नेछौं । उद्योगधन्दा, कृषि, व्यापार, व्यवसाय र नोकरीमा रहेकाहरुलाई तिनीहरुका रुचि, चाहना, क्षमता र प्रतिभाका आधारमा अघि बढ्ने अवस्था सृजना गर्नेछौ । भारतमै हाम्रो राज्यलाई उदाहरणीय बनाउने हाम्रो प्रयत्न रहने छ । मेरा टिमका सवै साथीहरु, शुभेच्छुकहरु, समर्थकहरु, हाम्रो कामप्रति उत्साहित छन्, विश्वस्त छन् । हामीसँगै सहकार्य गर्न प्रतिबद्ध छन् । कसैको स्वाभिमान र आत्मसम्मानमा चोट पुर्‍याउने कार्य गर्ने छैनौं । म सतर्क छु, हामी सवै सतर्क छौं । सवै कार्य पारदर्शिताका आधारमा गर्छौं ।

**o तपाईहरुको संगठनात्मक गतिविधि र राजनीतिक सभा सम्मेलनलाई आक्रामक ढङ्गवाट कसैले वाधा व्यवधान पुर्‍याउन सक्ने जोखिम कत्तिको छ ?**

- हामी हिंसा र आतंङ्कमा विश्वास गर्दैनौं । प्रेम, शान्ति, मेलमिलाप र सदाचारमा विश्वास गर्छौं । हाम्रो यो सिर्जनात्मक ,जनमुखी, प्रजातान्त्रिक एंवम् प्रगतिशील अभियानलाई वाधा व्यवधान पुर्‍याउने आँट कसैले गर्दैन । हाम्रो एकता र अटल विश्वासलाई भंग गर्ने शक्ति कसैसँग छैन ।

**o नयाँ संगठनात्मक संरचना तयार गर्न, कार्यकर्ता, मतदाता आदिलाई प्रशिक्षण दिन लगायत पार्टीका तमाम कार्य संचालन गर्न आर्थिक फण्डको आवश्यकता पर्छ । यी सवै कहाँवाट जुटाउनु भएको छ ? कुनै अदृष्य शक्तिवाट गाइडेड त हुनुहुन्न ?**

- हाम्रा साथीहरुले, शुभचिन्तकहरुले, तमाम समर्थकहरुले हाम्रो यो सिक्किम सुधार अभियानलाई स्वतस्फूर्त रुपमा अगाडि बढाइरहनु भएको छ । म गणेश राई, उहाँहरुको आस्था र विश्वास मात्र हुँ । तमाम सिक्किमेली जनताको एक प्रतिनिधि । हामी फजुल खर्च गर्दैनौं । इमान्दारीपूर्वक काम गर्छौं । सवैको साथ र सहयोगमा हाम्रो संगठन निर्माण भएको छ । प्रत्येक सिक्किमेलीको सहभागिता छ यसमा । सवैले आ-आफ्ना क्षमतावाट कन्ट्रिव्यूशन गरिरहनु भएको छ । मेरो र मसँग संलग्न हुनुभएका सवै व्यक्ति र समुदायहरु सिक्किम बचाउन, सिक्किमको पुनर्निर्माण गर्न दत्तचित्तले लागिपर्नुभएको छ । हामी कसैवाट गाइडेड छैनौं । कुनै अदृष्य शक्ति थाहा छैन हामीलाई । हामी पूर्ण पारदर्शी छौं । मेरा मार्गदर्शक सिक्किमेली जनता हुन् । हाम्रो अभियानले, हाम्रो संगठनले सिक्किमको रक्षा गर्छ, सिक्किमेली जन समुदायको सुरक्षा गर्छ । हामी कसैलाई पनि आशंका गर्ने अवसर दिंदैनौं ।

**o सबैले प्रारम्भमा मीठा मीठा कुरा गर्छन् आदर्श छाँट्छन् । जनतालाई सुन्दर सपना देखाउँछन्, सत्ता र चौकीमा पुगेपछि ती सवै विर्सेर आफ्नो स्वार्थ पूरा गर्न थाल्छन् । तपाईहरुप्रति ढुक्क भएर विश्वस्त हुनुपर्ने आधारहरु के छन् ?**

- गणेश राईलाई सिक्किमका सम्पूर्ण जनताले चिनेको छ । गणेश राईको परिवार कस्तो छ , सवैलाई थाहा छ । गणेश राईसँग जोडिएका सम्पूर्ण शुभेच्छुक, समर्थक, प्रशंसकहरु, युवा जनशक्तिहरु, जेष्ठ नागरिकहरु, सर्वसाधारण नरनारीहरु,चेलीहरु, असहाय,उत्पीडित बर्गहरु सवै एउटै परिवार भएर कर्म क्षेत्रमा उत्रिएका छन् । उहाँहरुको सवैको प्रेम र विश्वासमा म अघि बढिरहेको छु । मेरो जीवन सिक्किम र सिक्किमेली जनताको हित र सुरक्षामा समर्पित छ । म साधारण ब्यक्ति हुँ, जनताको सेवक ।

म एकपटक निष्ठापूर्वक इमानदारिताका साथ काम गरेर देखाउन चाहन्छु । सिक्किमको नवनिर्माण एकदमै जरुरी छ । सिक्किमलाई व्यवस्थित गरेर सही वाटोमा हिँडाउन सकेपछि म अन्य उत्तराधिकारी साथीहरुमा यो जिम्मेवारी सुम्पने छु । तर म सधै साथ रहने छु । मेरो व्यक्तिगत स्वार्थ केही छैन । मेरो परिवारका सदस्यहरुको पनि कुनै स्वार्थ छैन ।

**o तपाईहरुका यी आदर्श बाक्यहरुलाई सिक्किमका जनताले कसरी विश्वास गरेका छन् ?**

- तपाई सिक्किमका गाउँ गाउँ, वस्ती वस्ती घुमेर हेर्नुहोस् । यहाँका नागरिकहरुसँग भेटेर सोधपुछ गर्नुहोस् , हाम्रो स्थिति के छ भन्ने कुरा थाहा पाउनुहुनेछ । सिक्किमेलीहरु ढाँट छल गर्न जान्दैनन् । सवैले सत्य बोल्छन् । गणेश राई सिक्किमलाई चाहिन्छ, भनेनन् भने भन्नुहोला । जनताभन्दा सत्य र जनताभन्दा ठूलो शक्ति केही छैन । जनताले विश्वास नगरी अगाडि बढ्न सकिँदैन । सिक्किम विग्रिन थाल्यो भनेर नै जनताले गणेश राईलाई प्रस्तुत गर्न लागेका हुन् भन्ने कुरा तपाई नविर्सनु होला ।

**o त्यसो त सवैले जनताकै कुरा गर्छन् चुनावअघि जनतालाई नै प्राथमिकता दिएर आकर्षित गर्न खोज्छन् । यो कुरा 'भोटमुखी भएन र', अहिले चौकीमा पुगेकाहरु जनताले नै पठाएका होइनन् र ?**

- यो निसन्देह हो कि जनता सर्वशक्तिमान हुन् । राजनीति पनि जनताकै हित गर्ने कुरामा परिलक्षित हुन्छ । तर जनताले कसलाई, कुन पार्टीलाई भोट दिन्छन्, उनीहरुको स्वतन्त्रता हो । जनताको स्वविवेकमा सवै कुराहरु निर्भर गर्दछ । अहिले सिक्किमका जनता सचेत भइसकेका छन् । जनतालाई धोका भएकै कारणले गणेश राईलाई खोज्न थालेका हुन् । मैले र मेरा सम्पूर्ण साथीहरुले, शुभेच्छुकहरुले, समर्थकहरुले 'भोटमुखी 'राजनीति गरेका छैनौ । हरेक दिन गाउँ वस्तीमा पुगेर जनताका सुख: दुख: बुझ्ने कार्य गरिरहेका छौ । उहाँहरुसित भेटेर, छलफल गरेर,सुझाव सल्लाह लिएर कसो गर्दा के गर्दा सिक्किमेलीहरुको उत्थान हुन सक्छ, त्यसवारे योजना, कार्यक्रम, र व्यवस्थापनसहित हामी अगाडि बढिरहेका छौ । जनताले मन पराउने कार्य गर्‍यौं भने हामी त्यसै पनि सफल हुनेछौं ।

**o चुनावको नजिक भएर यस्तो भनिएको त होइन ?**

- राजनीतिमा सिक्किम र सिक्किमका जनता प्रमुख हुन् । जनतालाई केन्द्रमा राखेर जनकल्याणकारी कार्य गर्न थालेपछि मात्र राजनीतिको औचित्य पुष्टि हुन्छ । चुनाव पछिल्लो चरणको बिषय हो र त्यो प्राविधिक कुरा हो । चुनावका माध्यमवाट जनताले असल र लोकप्रिय व्यक्तिलाई चुन्दछन् ।

**राजनीतिमा सिक्किम र सिक्किमका जनता प्रमुख हुन् । जनतालाई केन्द्रमा राखेर जनकल्याणकारी कार्य गर्न थालेपछि मात्र राजनीतिको औचित्य पुष्टि हुन्छ । चुनाव पछिल्लो चरणको बिषय हो र त्यो प्राविधिक कुरा हो । चुनावका माध्यमवाट जनताले असल र लोकप्रिय व्यक्तिलाई चुन्दछन् । मैले आँना वारेमा , आफू संलग्न संगठनका वारेमा बोल्न आवश्यक छैन । जनताले नै बोल्नेछन् । जनताले जे भन्नेछन् , सोही बमोजिम गर्नेछु । चुनावको नजिक भएर हामीले आँनो सक्रियता बढाएको होइन । धेरै बर्षदेखि हामी गाउँ र वस्तीका जनतासित नजिक थियौं जनतालाई साथ दिदैं आइरहेका थियौं । जनताका समस्या समाधान गर्न क्रियाशील थियौं । अरू राजनीतिक पार्टी र तिनका नेताहरूलाई काम गर्ने अवसर पनि दिएका हौं । अहिले उहाँहरूले जनतालाई उपेक्षा गर्न थालेका कारणले हामीलाई जनादेश आउन थालेको हो ।**

मैले आफ्ना वारेमा , आफू संलग्न संगठनका वारेमा बोल्न आवश्यक छैन । जनताले नै बोल्नेछन् । जनताले जे भन्नेछन् , सोहीबमोजिम गर्नेछु । चुनावको नजिक भएर हामीले आफ्नो सक्रियता बढाएको होइन । धेरै बर्षदेखि हामी गाउँ र वस्तीका जनतासित नजिक थियौं जनतालाई साथ दिदैं आइरहेका थियौं । जनताका समस्या समाधान गर्न क्रियाशील थियौं । अरु राजनीतिक पार्टी र तिनका नेताहरुलाई काम गर्ने अवसर पनि दिएका हौं । अहिले उहाँहरुले जनतालाई उपेक्षा गर्न थालेका कारणले हामीलाई जनादेश आउन थालेको हो ।

**o ,सन् १९७८ को ट्राइवल अर्डरमा काजी ल्हेण्डुप दोर्जीको मन्त्रीमण्डलले सिक्किमे नेपाली जातिका लागि सिफारिस गरेको देखिएन, जव कि त्यो मन्त्रिमण्डलमा नेपाली समुदायकै शक्तिशाली नेताहरुको बाहुल्य थियो । तिनले चाहेका भए नेपालीका तर्फवाट सीट प्राप्त गर्ने प्रावधानको सुनिश्चितता थियो । ८ मईको सम्झौता बमोजिमको लक्ष्य संविधानको ३७१ एफको संविधानप्रदत्त समान अधिकारवाट सिक्किमे नेपालीले बञ्चित हुन लागेको स्थितिलाई कसरी लिनुहुन्छ ?**

-तपाईले उठाएको प्रश्न बमोजिम हामी पनि भोटे, लाप्चेसरह नेपाली जातिको हितमा केन्द्रित छौं । भोटे, लाप्चेले पाएका सुविधाहरुलाई स्वागत गर्छु । यसैगरी हाम्रा नेपाली जातिले पनि ती सुविधाहरु पाउनुपर्छ । सिक्किम भोटे, लाप्चे, नेपालीको सामाजिक,सांस्कृतिक एकतावाट निर्माण भएको राज्य हो । यस अघिका सरकार र सिक्किमका नेताहरुले गर्न नखोजेका बिषयमा म काम गर्न आएको हुँ । म सिक्किमका भोटे, लाप्चे र नेपालीका लागि जतिसुकै कठिनाइ र चुनौतीहरु परे पनि ती सवै जटिलताहरुसित सामना गर्न तयार छु र सिक्किमे नागरिकहरुको हक अधिकार र शान्ति सुरक्षा बचाउन हमेशा कटिबद्ध छु ।

**o अहिले सत्तारुढ नेताहरुले सिक्किमलाई विखण्डन गर्न खोजेका कुरा सुनिदैछ नि ?**

- म कुनैपनि हालतमा सिक्किमलाई बिखण्डन हुन दिने छैन । सिक्किम वाहिरवाट आएका, अन्य प्रान्तवाट प्रवेश गरेर सिक्किमेलीहरुको हक अधिकार खोस्ने वर्गहरुवाट सचेत रहने कानुन र पद्धतिको विकास गर्न कटिबद्ध छु । म यतिवेला सिक्किम बचाउने अभियानमा लागेको छु । मसित सिक्किमको भविष्य र भाग्य निर्माण गर्ने आधारहरु छन् , संकल्पहरु छन् । यो कुरा सिक्किमका भोटे, लाप्चे, नेपाली दाजुभाइ, दिदी बहिनी, आमा बुबाहरुले राम्ररी बुझ्नु भएको छ । 'नागरिकता संशोधन कानुन ( सी.ए.ए.२०१९) लागु गर्ने कुरा नै सिक्किम विखण्डन गर्ने बद्नियत हो । हामी यसको घोर भर्त्सना गर्छौं र सवै सिक्किमेलीलाई एकजुट हुन आग्रह गर्छौं ।

**o अहिले सिक्किममा 'एक देश एक राशन कार्ड' कानुन लागु गरेर ( केन्द्र सरकारकै योजना भनिन्छ) सिक्किमका खाँटी रैथाने,भोटे,लाप्चे, नेपाली तथा पुराना रैथाने व्यापारीहरुलाई समेत विस्थापन गर्ने खतरा बढेर गएको चर्चा, व्यापक सुनिन्छ, तपाई के भन्न चाहनुहुन्छ ? 'यसले सिक्किम सव्जेक्ट'लाई धरासायी बनाउँदैन र ?**

- तपाईले उठाएको प्रश्नले हामी सवैलाई चिन्तित तुल्याएको छ । यो समग्र सिक्किमेलीहरुका लागि खतराको घण्टी हो । तसर्थ यिनै खतरनाक परिस्थितिहरुवाट सिक्किम र सिक्किमेलीहरुको हित रक्षा गर्न सिकिक्म सुधार अभियान शुरु गरेका हौं । सिक्किमका समग्र बुद्धिजीवि, शिक्षक, प्राध्यापक, पत्रकार, चिकित्शक, इन्जिनियर,न्यायमूर्ति, कर्मचारी, चेली वर्ग, जेष्ठ नागरिक, मजदुर, किसान, युवा वर्ग, वकिल, चालक वर्ग, संघसंस्था, लेखक साहित्यकार, कलाकार, गायक बिभिन्न पेशाकर्मी, रैथाने व्यापारी सर्वसाधारणलाई यी सवै कुराहरुमाथि सचेत गराउन, जनचेतना जगाउने कार्यमा म र मेरा साथीहरु सवै लागेका छौं ।

**o सिक्किमको मुख्य विषय पर्यटन भएकोले पर्यटन व्यवसायलाई प्रवर्धन गर्न के कस्ता कार्यक्रमहरु रहेका छन् ?**

- पर्यटन क्षेत्रमा सिक्किम प्रशस्त संभावना भएको राज्य हो । यहाँ धार्मिक,सांस्कृतिक, पर्यावरणीय, प्राकृतिक सम्पदाका भण्डारहरु छन् । टे्रकिङका लागि पनि अवसर प्रदान गरिने छ । अर्किडको राजधानी भनेर चिनिने सिक्किममा जडीवुडी, बोट वनस्पति र वाइल्ड लाइफमा पनि सिक्किम आकर्षणको केन्द्र हो । यसको रक्षा गर्दै पर्यटकहरुलाई विशेष सुरक्षा र सहुलियत प्रदान गर्नु हाम्रो लक्ष्य रहेको छ । पर्यटन व्यवसायी , उद्यमी, व्यापारी, कृषक वर्गलाई वित्तिय ग्राण्ट र न्यूनतम् व्याजदरमा ऋण सुविधा उपलब्ध गराएर यस क्षेत्रको व्यवसाय प्रवर्धन गर्न कुनै कमी गर्ने छैनौं । सीप विकास र उद्यमशीलता पबर्धन गर्न हरतरहका बाँकी ६ पृष्ठमा

# काठमाडौंको असनमा सेञ्चुरी बैंकको नयाँ शाखा

काठमाडौ । सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले ग्राहकहरुलाई सेवा दिनको लागि शाखा कार्यालय खोल्ने त्रम जारी राखेको छ । त्यसै क्रममा मिति २०७९असार ९ गतेदेखि काठमाडौं नगरपालिका वडा नं. २५ असन बजारमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकका संचालक समिति सदस्यप्रा.डा. गिता प्रधान र असन, वडा नं. २५ का वडा अध्यक्ष राजेश डंगोलले असन शाखाको संयुक्त रुपमा उद्घाटन गरी सेवा शुभारम्भ गरेका छन् । उक्त कार्यक्रममा बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठ, बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज



न्यौपाने लगायत बैंक उच्च व्यवस्थापन समूह, स्थानीय बासीहरुको उपस्थिति रहेको थियो । असन शाखा संचालनमा आएपछि उपत्यका भित्र बैंकको शाखा संख्या २८ पुगेको छ । २०७८ चैत्र मसान्तसम्ममा बैंकले रु. ९२ अर्ब ९६ करोड निक्षेप संकलन रकर्जा रु. ८९ अर्ब ६५ करोड कर्जा प्रदान गरी १ अर्ब १ करोड ५६ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ बैकले जानकारी गराएको थियो । देशका सुगम तथा दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने उद्देश्यकासाथ बैंकले देशका विभिन्न स्थानहरुमा शाखा, शाखारहित बैंकिङ्ग तथा एक्सटेन्सन काउण्टरहरु संचालनमा ल्याई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकको कुल शाखा संख्या १४५ पुगेको छ भने बैंकले १० एक्सटेन्सन काउण्टर २४ शाखारहित बैंकिङ्ग र ११५ वटा एटिएम मार्फत वित्तीय सेवा प्रदान गर्दै आएको बैंकले उल्लेख गर्ने गरेको छ ।

# बैंक अफ काठमाण्डूको गण्डकी प्रदेशमा घरदैलो कार्यक्रम सम्पन्न

काठमाडौ । बैंक अफ काठमाण्डूले सम्पूर्ण गण्डकी प्रदेश अर्न्तगतका विभिन्न शाखा कार्यालयहरुले घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । बैंकले हालै सार्वजनिक गरेको २ निक्षेप योजनाहरुको जानकारी मुलक तथा विभिन्न बैंकिङ्ग




सेवाहरुको जानकारी प्रदान गर्ने उद्देश्यले संचालन गरीएको उक्त घरदैलो कार्यक्रममा बैंकका विभिन्न शाखा कार्यालयका कर्मचारीको सहभागिता रहेको थियो । बैंकले आकर्षक विशेषताहरु सहित ४ गुणासम्मको प्रतिफल भएको बिओके सुपर मुद्दती खाता सार्वजानीक गरेको थियो । उक्त ४ गुणासम्म प्रतिफल प्रदान गर्ने मुद्दती खातामा क्रेडिट कार्ड जारी शुल्कमा विशेष छुटको सुविधा, मौज्दात रकमको ९० प्रतिशत सम्म ऋणको सुबिधा सहित रु. २ लाख सम्मको क्रेडिट कार्ड सुबिधा रहेको छ । साथै, बिओके प्रिमियम प्लस बचत खातामा उच्चतम् ब्याजदर ८.०३ प्रतिशतको वार्षिक ब्याजदर सहित थुप्रै निशुल्क सेवाहरु समावेश गरी ग्राहकहरुको फाईदालाई ध्यानमा राखी सार्वजनीक गरेको हो । बैंकको गण्डकी प्रदेश अर्न्तगतका बाग्लुङ, बेनी, दमौली, खैरेनीटार, पोखरा, सुदरबजार, पावरहाउस, बगर तथा वालिङ्ग लगायत शाखा कार्यालयहरुले आफ्नो नजिकको स्थानहरुमा घरदैलो कार्यक्रम गरि बैंकको नयाँ योजनाहरुको बारेमा जानकारी दिएका हुन । बैंक अफ काठमाण्डू लिमिटेडले १०३ शाखा कार्यालयहरु, ९७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।

# ज्योति विकास बैंकको नयाँ शाखा लमजुङ बेसिशहरमा

ज्योति विकास बैंकले आइतबार लमजुङ सदरमुकाम बेसिशहर शाखाको औपचारिक उद्धाटन गरेको छ। बैंकिङ्ग पहुँच थप विस्तार गर्दै जनतामाझ पुर्याउने उद्देश्यका साथ लमजुङमा नयाँ शाखा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ । शाखाको समुद्घाटन बेसीशहर नगरपालिकाका मेयर गुमान सिंह अर्याल र बैंकका संचालक नरेश राज आचार्यले संयुक्त रुपमा गर्नुभएको हो । उद्धाटन समारोहमा बैंकका विभिन्न पदाधिकारी र कर्मचारीहरु,ग्राहकवर्ग तथा स्थानीय व्यवसायीहरुको पनि उपस्थिति रहेको थियो। नयाँ शाखा उद्धाटनको अवसरमा बैंकले बेसीशहर शाखाका ग्राहकहरुको निमित्त शुन्य मौज्दातमै त्तच ऋयमभ, निःशुल्क डलर कार्ड जारी, निःशुल्क डिम्याट खाता, निःशुल्क मेरोसेयर रजिस्ट्रेशन, निःशुल्क डेबिट कार्ड, निःशुल्क मोबाईल बैंकिंग सेवा, निःशुल्क इन्टरनेट बैंकिंग सेवा, सबै मुद्दती निक्षेपहरुमा मासिक ब्याज भुक्तानी ,कर्जा सेवा शुल्कमा ०.२५% छुट लगायत विभिन्न सुविधाहरु प्रदान गर्ने भएको छ ।

# खप्तड लघुवित्त वित्तीय संस्थाको शेयर मेगा मेगा क्यापिटल गर्ने

काठमाडौ । खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणलाई १,३२,०००/- कित्ता शेयर सार्वजनिक निष्काशन गर्ने प्रक्रियामा रहेको छ । उक्त निष्काशन बाँडफाँड पश्चात कम्पनीको शेयरधनीको अभिलेख राख्न, शेयरको




धितो बन्धक/रोक्का राख्न, कम्पनीले घोषण तथा स्वीकृत बोनस शेयरहरुरुको वितरण गर्न तथा नगद लाभांशको भुक्तानीको व्यवस्था गर्न, शेयर नामसारी तथा दाखिल खारेज जस्ता शेयर रजिष्ट्रारको सेवा प्रदान गर्नका प्रयोजनार्थ मेगा क्यापिटल मार्केट्स लिमिटेडलाई शेयर रजिष्ट्रारको रुपमा नियुक्त गरेको छ ।

२०७९ असार ०८ गते बुधवारका दिन मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वरमा एक कार्यक्रममा खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड तथा मेगा क्यापिटल मार्केट्स लिमिटेड बीच शेयर रजिष्ट्रार सम्बन्धी सेवा उपलब्ध गराउने बारे सम्झौता पत्र हस्ताक्षर भएको छ । उक्त सम्झौता पत्रमा खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुरेश बहादुर बमले तथा मेगा क्यपिटल मार्केट्स लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सवीर बादे श्रेष्ठले हस्ताक्षर गरेका छन् । सो कार्यक्रममा खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडका सञ्चालकश्री रणदेव कृष्ण श्रेष्ठ र मेगा क्यापिटल मार्केट्स लिमिटेडका प्रमुख लगानी अधिकृत शुलभ श्रेष्ठको पनि उपस्थिती रहेको थियो ।

# मुक्तिनाथ बैंकका ग्राहकहरुलाई दात बनाउन छुट

काठमाडौ । मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेविट कार्ड वाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुलाई थप सेवादिन ललितपुरको गोदावरी स्थित इस्माइल मेकरस् डेन्टल होमसँग विभिन्न सेवाहरुमा २० प्रतिशत सम्म छुट




प्रदान गर्ने गरी सम्झौता गरेको छ । यस सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेविट कार्ड वाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुले ललितपुरमा रहेको इस्माइल मेकरस् डेन्टल होममा विभिन्न सुविधाहरु जस्तै दाँत सफा गर्ने, दाँतभर्ने र नक्कली दाँतहाल्नेमा विशेष छुट पाउने भएका छन् । बैकले उक्त डेन्टलसरुँग सम्झौता गरी आफ्न ग्रहकलाई उक्त सुविधा दिन लागेको हो ।

# ग्लोबल आईएमईका ग्राहकलाई आफ्नै रोजाइको डिजाइनमा डेबिट कार्ड

ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई उनीहरुको आफ्नै छनौटको डिजाइनमा व्यक्तिगत फोटोसहितको डेबिट कार्ड उपलब्ध गराउने सुविधा ल्याएको छ । बैंकले मेरो आफ्नै डेबिट कार्ड योजना अन्तर्गत यो सुविधा ल्याएको हो । बैंक आफ्नै छनोटको डिजाइनमा व्यक्तिगत फोटोसहितको डेबिट कार्ड उपलब्ध गराउने योजना ल्याउने नेपालकै पहिलो वित्तीय संस्था हो । यस योजना अन्तर्गतको डेबिट कार्ड प्राप्त गर्न ग्राहकले ग्लोबल आइएमई बैंकको वेबसाइट मार्फत अनलाइनबाट आवेदन दिनुपर्नेछ । कार्डप्रिन्ट गर्नुअघि ग्राहकले आफ्नो डिजाइन अनुसारको कार्डलाई भर्चुअल रूपमा हेर्न र आफुलाई मनपर्ने डिजाइन छनोट गर्न सक्नेछन् । ग्राहकहरुसंग वेबसाइटमा पूर्व-डिजाइन गरिएका




कार्डको विविधता छनोट गर्ने विभिन्न विकल्पहरु समेत उपलब्ध हुनेछन् । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले मेरो आफ्नै डेबिट कार्ड योजना सार्वजनिक गरेको हो । यस्ता नवीनतम प्रविधिहरुको प्रयाग गर्दै बैंकले समय सापेक्षता अनुरुप ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यले ७६ जिल्लामा बैंकको २८८ शाखा, २६२ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८७५ सेवा केन्द्रबाट २८ लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

## अर्थ संसार

# आमाद्धारा छोरी ज्वाईलाई सुर्या लाइफमा बीमा कोसेली

काठमाडौं । आमाबुबाको लागि आफ्ना सन्तान प्राण भन्दा पनि प्यारो हुन्छ । सन्ततिको सुनौलो र उज्वल भविष्यको चाहाना सदैव आमाबुबाले




राखेका हुन्छन् । उनीहरुको पालन पोषन, शिक्षा दिक्षा, विवाह, ब्रतबन्ध आदि अविस्मरणीय रहोस भन्ने इच्छा सबै अभि भावकको हुन्छ । छोरा छोरीको विवाह अभिभावकको लागि एक अमुल्य क्षण हुन्छ । यसै क्षणलाई यादगार बनाउन कुश्मा निवासी मेनका रेग्मीले आफुले सानो सानो रुपमा बचत गरी जम्मा भएको रकमबाट आफ्ना छोरी ज्वाईंलाई उपहार स्वरुप जीवनबीमा गरीदिएकीछिन् । जीवनमा आइ पर्न सक्ने जोखिम बहन र बचत पनि होस भन्ने उद्देश्यले वैवाहिक जीवनको सुरुवात गरेका छोरी ज्वाईं, पुजा रेग्मी र सुझाब आचार्यको जीवन सुखमय होस भन्ने कामनासहित बीम गरिदिएकी हुन् । कम्पनीको कुश्मा शाखाबाट जारी गरीएको उक्त बीमा योजन सूर्या लाइफका एजेन्सी विभाग प्रमुख, यज्ञ बहादुर राउतले बैबाहिक समारोहमै गएर हस्तान्तरण गरेको सर्या लाइफले जारी गरेको नोटमा उल्लेख छ । सूर्या सुरक्षित योजना र सूर्या सुरक्षाकवज सहितका यो योजनाले जीवनमा विपत्तिले निम्त्याउन सक्ने आर्थिक समस्याको भार न्यून गर्ने र जोखिम बहन पनि हुने हुदाँ सबैलाई जीवन बीमा गर्न मेनका रेग्मीले सुझाव दिएकी थिइन् । हाँसी खेली घुमेको माईतिघर छोडेर गएकी छोरीका लागि सदैव आमाको चिनो यो कोसेली स्वरुप आफ्ना छोरी र ज्वाईं दुबैको बीमा गरिदिएको कुरा उनले व्यक्त गरेको उल्लेख छ । बीमा ले जोखिम बहन गर्नुका साथै भविष्यको लागी बचत पनि हुने भएकोले दुलही अन्माउँदा बीमा योजना उपहार दिने एक नौलो र उत्कृष्ट अभियान अहिले चलेको देख्दा जीवन बीमाको महत्वप्रति जनमानसमा सचेतना बढेको भन्ने कुरामा विश्वसत रहेको कुरा समाहरोमा उपस्थित आफन्त र जन्ति पक्षले बताएका छन् ।

# आइएमई पे को 'क्यूआर डे विथआइएमई पे'अफर सार्वजनिक

आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित आइएमई पेले प्रयोगकर्ता माझ 'क्यूआर डे विथ आइएमई पे'अफर




सार्वजनिक गरेको छ । यस अफर अन्तर्गत सबै प्रयोगकर्ताहरुले कुनै पनिक्यूआरपेमेन्ट आइएमई पे एपमार्फत भुत्तानीगर्दा दिनभरीमा १०% छुट ( अधिकतमरू.१०० सम्म)प्राप्तगर्ने व्यवस्था मिलाइएको छ । आइएमई पेले यस अफर ल्याउनको मुख्य उद्देश्य आफ्ना नियमित र सम्भावित ग्राहकलाई आइएमई पे एप डाउनलोड गरी डिजिटल भुक्तानी माध्यममा परिणत हुन प्रोत्साहन गर्नेछ । उक्त अफर यही असार १०, २०७९ शुक्रबारकाका दिन १ दिनको लागि मात्र मान्य हुनेछ ।

अफर अन्तर्गत पहिलो २५ सय सेवाग्राहीहरुले मात्र क्यास व्याक पाउँनेछन् भने पियर्स 'टु'पियर्स क्यूआर ट्रान्जेक्सनमा यो अफरअन्तर्गतको क्यास व्याक प्राप्तगर्न सक्दैन । आइएमई पे नेपालकै अग्रणी फिनटेक मध्ये एक हो जसले डिजिटल वालेटका सबै सुविधाका साथै अन्य आर्थिक लाभहरू प्रदान गरिरहेको छ । वित्तीय समावेशीताको सामूहिक लक्ष्यका साथ आइएमई पे आफ्ना सेवाहरू एक सरल तर प्रभावकारी एपमार्फत देशका हरेक कुना-कुनामा उपलब्ध गराउनमा केन्द्रित रहेको छ ।

# फुटवल नै मेरो प्राण होः खेलाडी थापा

बाबा बाशुदेब थापा क्षेत्री र आमा राम प्यारी थापा क्षेत्रीको दोस्रो सन्तान



हुन सुन्दर थापा क्षेत्री साच्चै मेहनती लगनशीलता र धैर्यताको कारणले एक सफल खेलाडी र नेपाली राष्ट्रिया टिमबाट खेल्ने सपना बुन्दै बिहान देखि साझ नपरुन्जेल सम्म फुटबल खेल भनेसी भुतुक्कै हुने ब्याक्ती हुन सुन्दर थापा क्षेत्री ! यहि फुटबल प्रतिको मोह र मेहनतको कारणले उनी २०४९ साल देखि फुटबलमा होमिए, उनले नेपालको यु १४ रास्ट्रीया टिममा समेत खेलेका थिए ! आफ्नो खेल कौशल प्रस्तुत गरे पछि उनी यु १६ यु १८ टिममा पनि परे तेस लगतै २०५२ सालमा सहिद स्मारक ब डिभिजन लिगमा उनी ल्च्ट क्लबमा आवद्ध भए ! उनी आवद्ध सङगै आफ्नो टोलिलाइ सहिद स्मारक ब डिभिजन लिगमा थापाकै उत्कृष्ट गोल किपिङका कारण उपाधिनै जिताइ छाडे ! निकै फुर्तिला, हसिलो स्वभाव सङगै मिहिनेतीका कारण अर्को सिजनको लागि भने काठमाडौको क्लब ब्याइज युनियनले उनलाइ आफ्नो टोलिमा समाबेस गर्यो तेस पछाडी ८ बर्षा सम्म उनी ब्याइज युनियन क्लबमै रहे ,सो क्लबमा उनले उत्कृष्ट खेल पस्की रहदा नेपालकै धनी मध्येका एक ललितपुररे क्लब घ स्टारको नजर उनी माथी पर्नु स्वभाविक नै थियो ! ८ बर्से लामो ब्याइज युनियन बसाइ पछि उनी घ स्टार क्लबमा आवद्ध भए, सोही सिजन घ स्टार क्लबले तेस्रो स्थान हासिल गरेका थिए ! तेस पश्चात् अखिल नेपाल फुटबल संघका अध्यक्षलाई फिफा बाट प्रतिबन्धित भए सङगै केही बर्षाको लागि ब डिभिजन लिगनै बन्द भयो ! ब डिभिजन लिग बन्द भए सङगै उनले पनि खेल जीवन बाट सन्यास लिए,फुटबललाई असाध्यै माया गर्ने थापाले सन्सारमै पहिलोपटक फुटबल म्युजियम संचालनमा ल्याए २००३ मा संचालनमा ल्याएका म्युजियम उनको ब्याक्तिगत लगानीमा संचालनमा ल्याएको थियो ! केही बर्षा संचालन पश्चात् सो म्युजियम खर्च ले धान्न नसके पछि बन्द गरि दिएका उनी बताछन ! तेस लगतै उनले काठमाडौमा वेस्ट काठमाडौ फुटवल क्लब सन्चालनमा ल्याए २०१२ मा संचालनमा ल्याएको सो क्लबले खासै उपलब्धी हरु त हासिल गर्न सकेनन तर क्लबको नाम बाट उनले देसै भरी विभिन्न खेलकुदका सामग्री सङगै अहिलेसम्म २५ सय भन्द बढी फुटबल र ४ हजार भन्द बढी जर्सी नेपालको विभिन्न भागमा गएर बितरन गर्दै आएका छन ! कुनै न कुनै क्षेत्रबाट बेला बेलामा चर्चामा आइ रहने थापाले खेल क्षेत्रलाई नै समेटी फुटबललाई नै मुख्य कथा बस्तु बनाइ भकुण्डो नामक चलचित्र समेत निर्माण गरेका छन ! उक्त चलचित्रमा तत्कालीन नेपालली रास्ट्रीया टिमका कप्तान अनिल गुरुङले समेतअभिनय गरेका छन ! एसै गरि थापाकै पहलमा नेपालकै इतिहासमा पहिलो पटक स्पेनिस क्लब एथलेटिको मड्रीड सङग समेत नेपाली खेलाडी र सो क्लबको खेलाडी बिच मैत्रीपुर्ण खेल एक आपसमा भाइचारा सम्बन्ध राख्ने उदेश्यले सम्झौता समेत गरेका छन !! सोही क्लबबाट बर्सेनि २५ लाख समेत सहयोग आउने थापाले बताए ! २०७५ साल देखि एन्फाको फुट्सल कमिटिको केन्द्रिय उपाध्यक्ष समेत भएका थापा हालै सम्पन्न भएको एन्फाको चुनाबमा समेत स्वतन्त्र उम्मेदवारबाट चुनाब लडेका थिए!समाजसेवी भावनाका थापा कोरोनाले लकडाउनमा समस्यामा परेका ६३ जना बिदेशी खेलाडिहरुलाइ भगवान जस्तै बनी कोठा कोठामै पुगि लत्ताकपडा देखि खाना सम्मको आफ्नै खर्चमा बेवस्था गरि दिएका थिए! गार्मेन्टको ब्यबसाय गरि रहेका थापा फुटबलबाट कहिल्यै टाढा हुन नसक्ने उनको भनाइ रहेको छ !

## बालयौन दुरूपयोग गर्ने पक्राउ

झापा ।१३ वर्षीया बालिकालाई बालयौन दुरूपयोग गरेको अभियोगमा बुद्धशान्ति गाउँपालिका-४ जुनेली बस्ती बस्ने २६ वर्षीय बिजय राईलाई प्रहरीले पक्राउ गरेको छ । राईले बिहीबार साँझ बालिकालाई बालयौन दुरुपयोग गरेको भन्ने जाहेरी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यता बिर्तामोड नगरपालिका-५ एकता टोलबाट ६ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ र नगद २४ हजार ७ सय रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-४ बस्ने २० वर्षीय अभिषेक शर्मा र २२ वर्षीय शुसील लिम्बु रहेका छन् । ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ र नगदसहित फेला पारी पक्राउ गरेको हो । यता बाँकेको नेपालगंज उपमहानगर पालिका-१५ जमुनाहबाट ८ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित दाङ लमही नगरपालिका-४ अर्नवा बस्ने २३ वर्षीय किरण कुमाललाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्यूरो बाँकेबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । सिरहाको धनगढीमाई नगरपालिका-१४ हातिढुङ्गाबाट करिब ३५ केजी अवैध लागूऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

हाम्रो स्वाभिमान, कृषि कर्मको सम्मान
धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं
राष्ट्रिय धान दिवस (असार १५) भव्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रामेछाप डायरी

## रामेछाप-काठमाडौं पत्रकार समाजको अध्यक्षमा दिपेन्द्र गुरुङ

काठमाडौ। काठमाडौको चक्रपथस्थित अरिकल ब्याङब्युटमा मितिः २०७९ असार ११ गते भएको दोस्रो अधिवेशनले दिपेन्द्र गुरुङलाई अध्यक्षमा चयन गरेको छ ।

त्यसैगरी कार्यसमिति पदाधिकारीहरुमा




महासचिवः यसिमा महत, उपाध्यक्षः प्रज्वल पौडेल, सचिवः एलिना कार्की, कोषाध्यक्षः दुर्गा खड्का, सदस्यहरु घनश्याम श्रेष्ठ,पवन बराइली, राजकुमार खाती, सुवास सुनुवार रहेका छन् । उक्त अवसररमा रामेछापका पत्रकारहरुलाई त्यस कार्यक्रमा प्रमुख अतिथिको रुपमा निम्त्याइएका राष्ट्रिय खेलकुद परिषदका सदस्य सचीव टंकलाल घिसिङको हातवाट सम्मान पत्र समेत प्रदान गरिएको थियो । सम्मानित हुने पत्रकारहरु यसप्रकार रहेका छन् । नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्यः माधव पौडेल, नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्यः ज्ञानप्रसाद पौडेल, नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला अध्यक्षः सूर्य सुवेदी रहेका छन् । ज्ञान प्रसाद पौडेल विदेश भ्रमणका रहेका कारण कार्यक्रमा उपस्थित थिएनन् भने माधव र सुवेदीमा सम्मान पत्र ग्रहण गर्ने दुईजना रहेका थिए । त्यसैगरी रामेछाप-काठमाडौ पत्रकार समाजलाई सहयोग गर्ने रामेछापकै तर हाल विदेशमा रहेका समाजसेवी सोनाम गेल्बु शेर्पालाई सम्मान गर्ने कार्यक्रम रहेको भएपनि उनि कार्यक्रममा उपस्थित हुन नकसेको कारण समाजका निवर्तमान अध्यक्षले उनलाई दिने बताएका थिए । रामेछापवाट काठमाडौमा आई पत्रकारिता पेशामा आवद्ध पत्रकारलाई समेटेर काम गर्न खोलिएको संस्थामा उल्लेखिय मात्रमा सहभागिता भएको थिएन । युवाराज विद्राहीले त खवर नगरेको भनेर सामाजिक सञ्जालमा लेखिसकेका छन् । काठमाडौ पत्रकार समाजका पदाधिकारीहरुले जान जान रामेछापका पत्रकारहरुलाई नछुटाएको तर अञ्जानमा छुटेको हुनाले आउदा दिनमा सवैको उपस्थितिलाई विवेकले भ्याएसम्म समेट्ने निवर्तमान अध्यक्ष प्रेम गौतमले बताएका छन् ।

## मन्थली नगरपालिकाको बजेट १ अर्ब ४० करोड

रामेछाप । मन्थली नगरपालिकाले आगामी आर्थिक वर्षको लागि १ अर्ब ४० करोडको बजेट ल्याएको छ । गत आर्थिक बर्ष भन्दा ३६ करोड बजेट थप्दै जिल्लाको आठ स्थानीय तह मध्य मन्थली नगरपालिकाले ठूलो आकारको बजेट ल्याएको हो । नगरपालिकाको ११ औं नगरसभामा नगरपालिकाकी उपप्रमुख ईश्वरी बस्नेतले १ अर्ब ४० करोड ७८ लाख ५३ हजारको बजेट सार्वजनिक गरेकी छिन् ।

## लिखु तामाकोसी गाउँपालिकाले ल्यायो ८३ करोडको बजेट

रामेछाप । लिखु तामाकोसी गाउँपालिकाले आगामी आर्थिक बर्षको लागि ८३ करोड ३४ लाख बराबरको बजेट ल्याएको छ । आज गाउँपालिकाको ११ औं गाउँसभामा पालिकाकी उपाध्यक्ष दीपा पाख्रिनले ८३ करोड ३४ लाखको बजेट प्रस्तुत गरेकी हुन् । गाउँपालिकाका अध्यक्ष केशव महतले पालिकाको विकासलाई प्राथमिकता दिएर नीति कार्यक्रम र बजेट ल्याइएको बताए । उनले शिक्षा,स्वस्थ्य, कृषि, सडक र खानेपानीलाई प्राथमिकता दिइएको बताए ।

## गोकुलगंगा गाउपालिकाले ल्यायो ७१ करोड ६४ लाखमाथिको बजेट

रामेछाप । रामेछापको गोकुलगंगा गाउपालिकाले ७१ करोड ६४ लाख भन्दामाथिको बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको ११ औं अधिवेशनमा पालिकाकि उपाध्यक्ष उषा कार्कीले ७१ करोड ६४ लाख ९९ हजारको बजेट सार्वजनिक गरेकी हुन् । जसमध्ये विकास तर्फ १ करोड १८ लाख, सामाजिक विकास तर्फ ४ करोड ७५ लाख, पूर्वधारतर्फ ७ करोड ९७ लाख, वन वातावरण तथा विपत व्यवस्थापनतर्फ १ करोड ३५ लाख, सुशासन तथा संस्थागत विकासतर्फ १ करोड र वडा कार्यलाय ७ करोड २५ लाख बजेट विनियोजन गरिएको छ । पालिकाले नीति तथा कार्यक्रम भने गत असार ८ गतेनै सार्वजनिक गरेको थियो ।

## दोरम्बा शैलुङ गाउँपालिकाको बजेट ५८ कडोर १८ लाख

रामेछाप । रामेछापको दोरम्बा शैलुङ् गाउँपालिकाले ५८ कडोर १८ लाख ३५ हजार रुपैयाँको बजेट ल्याएको छ । उपाध्यक्ष खमला थापा मगरले ११ औं गाउँसभामार्फत सो बजेट ल्याएको हो । पालिकाले आगामी आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारबाट प्राप्त हुने सशर्त, राजश्व बाँडफाँड र वित्तिय समानीकरण, प्रदेश सरकारबाट प्राप्त हुन सशर्त र वित्तिय समानीकरण, आन्तरिक आम्दानी, गत वर्षको मौजात एवम् अन्य सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त रकम गरी सो बजेट ल्याउने निर्णय स्वीकृत गरेको हो ।

## खाँडादेवीले ल्यायो ८० करोड ८१ लाख १७ हजारको बजेट

रामेछाप । रामेछापको खाँडादेवी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० को लागि ८० करोड ८१ लाख १७ हजारको बजेट ल्याएको छ । गाउँपालिकाकी उपाध्यक्ष रमा घिसिङ्ले सो बजेट सार्जनिक गरेकी हुन् । पालिकाको ११ औं गाउँसभामा पालिका अध्यक्ष ज्ञानकुमार श्रेष्ठ, प्रमुख प्रशासकिय अधिकृत नारायण लामिछाने, ९ वटै वडाका वडा अध्यक्षहरु, गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बजेट सार्वजनिक गरिएको हो । पालिकाले नीति तथा कार्यक्रमसंग बजेट सार्वजनिक गरेको हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



## सिक्किम......

सुविधा प्रदान गरिनेछ ।

सन् २००८ मा सिक्किमेलीहरुलाई केन्द्रीय आयकर मुक्त गर्ने प्रावधान देखा परेको थियो, सत्तासिन 'एडिशनल एडभोकेट जेनरल' लगायत केही व्यक्तिहरुले यो सुविधा व्यापार गर्ने समुदायलाई प्रदान गरिनुपर्छ भनेर सुप्रिम कोर्टमा मुद्दा दायर गरेको देखिन्छ, जो अझै विचाराधीन छ । यसको फाइदा (कर छुटको फाइदा ) केही शक्तिशाली व्यापारिक घरानाले लिइरहेका छन् । फलस्वरुप ती व्यापारीहरु कालो धन जम्मा गर्न सफल भएका छन् । कर छुटको यो सुविधा सिक्किमका भोटे, लाप्चे, नेपालीले मात्र पाउनु पर्ने होइन र ?

यो प्रश्नको जवाफ हाम्रो 'सिक्किम सुधार अभियान'को सांगठनिक संरचनाको औचित्य र यसको स्थापना हो । किनभने यसवेला सिक्किमे जनताको हितमाथि खेलवाड गर्ने काममा सरकार सक्रिय छ र प्रतिपक्ष भनिएका नेता र शक्तिशाली व्यक्तिहरु पनि यस्ता बद्नियतपूर्ण कार्य रोक्न सचेत छैनन् ।

त्यसैले हामीले सुधार अभियान लिएर आउनु परेको हो । विगतमा पनि तत्कालिन चामलिङ सरकारले सिक्किमे जनतालाई मुक्ति दिन सकेन । वर्तमान गोले सरकारले पनि सिक्किमे जनतामाथि खेलिरहेको छ । अव हामी कसैलाई पनि सिक्किमे जनताको भविष्य र भाग्यमाथि खेलवाड गर्न दिने छैनौं । हामी गम्भीर भएर सिक्किम

सुधार अभियानका माध्यमवाट यस्ता जालसाजी, छलकपट र वेथिति विरुद्ध मुकाविला गर्न तयार भइसकेका छौं ।

**० 'मल्टी कमोडिटी एक्स्चेन्ज'मा देखा परेको अनियमितता र वेथितिसित सरकार स्वयम् , उदासीन रहनुवाट के स्पष्ट हुन्छ भने त्यहाँ 'दालमे कुछ काला है' को स्थिति छ । तपाईहरु चाहिँ सरकार र 'मल्टी कमोडिटी एक्स्चेन्ज'को यो बद्नियतपूर्ण क्रियाकलाप प्रति किन मौन देखिनुहुन्छ ?**

- हामी कहाँ मौन बसेका छौ र ? जो प्रतिपक्षमा रहेको छ, उसले केही गर्न खोजेको देखिँदैन । जसले यो कुरा बुझेको छ, त्यसले पनि चासो दिएको छैन । हामी नयाँ शक्तिका रुपमा देखापर्न गइरहेका छौं । अहिले हामीसँग एमएलएहरु छैनन् । सरकारले गरेका धाँधली, नोकरशाहीको मनपरीतन्त्र, पुराना कहलिएका नेताहरुको निस्क्रियता जस्ता कारणहरुले गर्दा हामीले 'सिक्किम सुधार अभियान'को थालनी गर्नु परेको हो । हामी 'वाच डग' भएर काम गरिरहेका छौं । हामी सकारात्मक सोच र सुधारात्मक एवम् निर्माणात्मक चिन्तन बोकेर आइरहेका छौ । हामीले सिक्किम संचेतना र जागरण अभियानमा निर्वाह गरेको भूमिका आगामी चुनावले पुष्टि गर्नेछ । किनभने जनताले हामीलाई काम गर्ने ठाउँमा पुऱ्याउनेछन् भन्ने हाम्रो विश्वास छ ।

**० गैर सिक्किम सव्जेक्टहरुको विग्विगी चलिरहेको सुनिन्छ, सरकार यसवारे के गर्दैछ ?**

- वर्तमान सरकार हल्लै हल्लामा निर्माण भएको हो । त्यहाँ सुझबुझ भएका विवेकशील ब्यक्तिहरु लगभग छैनन भने हुन्छ । सरकारका मन्त्री र एमएलएहरु चौकी जोगाउन र आफ्नो व्यक्तिगत फाइदा उठाउनमा मात्र व्यस्त छन् । तिनलाई सिक्किमे जनताको भविष्यप्रति कुनै चिन्ता छैन । सिक्किमको भविष्य कहालीलाग्दो अवस्थामा पुगेको छ । सिक्किम जताततै अस्तव्यस्त छ । लथालिङ्ग छ । सिक्किमका संरचनाहरु भत्काउने काम भइरहेको छ । सिक्किमका युवाशक्ति राज्यका आधारशिला खम्वा हुन् । तिनलाई बराल्ने काम भइरहेको छ । त्यसैले हामी टुलुटुलु हेरेर वस्ने पक्षमा छैनौं । सिक्किम र सिक्किमे जनताको सर्वनास हुन लागेको देखेर नै हामी परिवर्तनकारी शक्तिको रुपमा देखा पर्न लागेका हौं । आगामी चौविसको चुनावमा जनताले हामीलाई नै साथ दिएर जनमत प्रदर्शन गरिदिनेछन् ।

**० सिक्किम सव्जेक्ट, पुराना कानुनहरु, रेभेन्यु अर्डर न. १ र रुल ४(४) लाई सुरक्षा प्रदान गर्न तपाईहरु कम्मर कसेर नै लाग्नु भएको हो त ?**

- मैले माथि नै स्पष्ट पारिसकेको छु कि सिक्किम विगार्ने तत्वहरुको वद्नियतलाई रोक्न हामीले आउनु परको हो । सिक्किमका तमाम जनताले पनि अव चुप लागेर वस्ने वेला छैन । सिक्किमले इमानदार र देशभक्त नेता पाउन नसकेको कारण हाम्रो यो 'अभियान' जारी भएको हो ।

के तपाईहरु सत्तामा आएपछि सिक्किममा स्वर्ण युग नै आउँछ त ?

स्वयर्ण युग नै ठान्नुहोस् । सिक्किममा शान्ति सुरक्षा, सुव्यवस्था, समान हक अधिकारको प्रवन्ध र सिक्किमे भोटे, लाप्चे, नेपालीले पाउने विशेषाधिकारको प्रत्याभूति, सवैलाई आत्मसम्मान, स्वाधिनता, रोजगारी एवम् स्वास्थ्य , शिक्षा जस्ता कुराहरु समग्र "एक सिक्किम समृद्ध सिक्किम" बनाउने नीतिमा हामी सफल हुनेछौं । सायद तपाईले यसैलाई पो स्वर्ण युग भनेर संकेत गर्नुभएको हो कि ? जे होस् सिक्किमको भाग्य र भविष्यको फैशला गर्ने कुरा सिक्किमे जनताको हातमा छ । यसैगरी बिपक्षिहरुसित पनि सम्मानजनक व्यवहार गर्नेछौं । कसैलाई काखा र कसैलाई पाखा गर्दैनौं । कसैप्रति भेदभाव र असमान व्यवहार हुन दिने छैनौ ।

**अन्तमा तपाईलाई केही भन्नु छ कि ?**

मैले माथि नै सवै कुरा स्पष्ट पारिसकेको छु । मेरो लागि हाम्रो अभियानका लागि 'बिशेष'कुरा सिक्किम हो, 'सिक्किमे जनता'हुन । चौविसको चुनावमा तमाम सिक्किमे जनताले एकपल्ट हामीलाई अवसर प्रदान गर्नुभयो भने माथि मैले गरेका प्रण र वाचाहरु पूरा गर्नेछु । कुनै हालतमा सिक्किमे जनतालाई धोका दिने छैन ।

## मन्त्री....

शिलान्यास कार्यक्रममा पर्यटन विभागका महानिर्देशक तारानाथ अधिकारी, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी डोटीका अध्यक्ष दीर्घराज बोगटी, जोरायल गाउपालिका-२ का वडाअध्यक्ष वीरबहादुर दर्लामी, विभिन्न सरोकारवालाहरु, पत्रकार लगाएतको सहभागीता रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीका प्रेस सल्लाकारले पठाएको नोटमा उल्लेख छ ।

## परिवार.....

गर्नुभएको थियो ।

त्यस कार्यक्रमलाई आकर्षण र ज्ञानले भरिपुर्ण पार्न ट्रेनर डा. राजेन्द्र गुरुङ र डा. कविता अर्यालले स्वास्थ्य सम्बन्धि प्रोजेक्टरद्वारा तथ्यहरु देखाएका थिए ।

कार्यक्रममा उल्लेखिय मात्रमा पत्रकारहरुको उपस्थिति रहेको थियो । नेपालमा जनसंख्या घटेको बिषयमा आएका तथ्य र स्वास्थ्य सम्बन्धि आएका समाचारहरुलाई कति भ्रमक कति तथ्यसँग मेल खान्छ भन्ने बिषयमा पनि डा. गुरुङले प्रोजेक्टरमा देखाउनु भएको थियो । अर्की ट्रेनर कविता अर्यालले महिलाहरुको समस्या जस्तै बाझोपन भएका महिलाहरुलाई सरकारले संविधानको धारा ३८ मा सन्तान प्र्प्त गर्न मौलिक हक सुनिश्चित गरेको संविधानका धाराहरु समेत प्रोजेक्टरमा देखाउनु भएको थियो । उहाँले, जनसंख्या घट्नुमा दुई सन्तानको अवधारणाले नभएर अहिले मानिसहरु ढिलो विवाह गर्नु, गर्वपतन गराउनु, धेरै मानिसहरु बैदेशिक रोजगारमा जानु जस्ता कारण प्रष्ट्याउनु भएको थियो । शारीरिक सम्बन्ध राख्दा

साधनको प्रायोगले जनसंख्या नघट्ने बरु बढ्ने भन्दै तुलसा अधिकारीले तर्क दिनुभएको थियो । उहाले जन्म अन्तर हुदा र साधनको प्रयोगले मानिसहरुमा आउने परिपक्कता साथै सवै कुरामा मानिस दक्ष हुदा आर्थिक क्षमता बढ्ने, सवै कुराहरु बढ्दा सन्तानको बृद्धिमा पनि टेवा पुग्ने भनाई राख्नु भएको थियो ।

सरकारले यस बर्षको बजेटमा परिवार योजना र स्वास्थ्य सम्बन्धि बजेट घटाएकोमा यसले भोलिका दिनमा समस्या हुने भन्दै पत्रकारलाई यस बिषयमा आवाज उठाईदिन आग्रह गरिएको थियो ।

उपस्थित पत्रकारहरुले स्वास्थ्यको क्षेत्रमा गर्नुपर्ने सही सुचनाहरु प्रवाह गर्न प्रतिबद्ध जनाएका थिए ।

## धेरै.....

तर आशा गर्ने ठाउँ कमै मात्र छ ।

त्यसर्थ सवै स्थानीय तहहरुले आफैले पाएको स्थानीय अधिकारलाई सदुपयोग गरेर शंका र अकाशंका बीचमा अगाडि बढिरहेको संघिय प्रणालीलाई बलियो बनाउन जनताको आवश्यकता र देशको हितमा काम गर्न सक्नुपर्ने देखिन्छ ।

त्यस्तो हुन नसकेको खण्डमा संघिय प्रणाली नै धारासायी हुने सम्भावना प्रवल रहन्छ ।

## स्थानीय.......

यसका बावजुत पनि स्थानीय सरकारले स्वतन्त्र र स्वायतरूपमा काम गर्ने वातावरण निर्माण गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

आजको संघीय शासन प्रणालीमा राज्यका संरचना संघ, प्रदेश र स्थानीय तहले बजार प्रणालीका मान्य विशेषताको अनुशरण गरी राज्यले प्रवाह गर्ने सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनुपर्छ भन्ने मान्यता मौलाएर आएको छ । संघले बनाउनुपर्ने कानुन समयमा बनाइदिने, स्थानीय तहले आफ्नो प्रशासनिक र व्यवस्थापकीय क्षमता सुदृढ गर्ने, राजस्व संकलन क्षमता बढाई संघीय अनुदानभन्दा धेरै कार्यक्रम आफ्नो राजस्वमा स्थानीय जनताको मागका आधारमा बनाउन सक्ने क्षमता विकास गर्ने, स्थानीय तहको संगठन र कार्यक्रमामा रहेको दोहोरोपन समाप्त गर्न र उत्पादनशील कार्यक्रमको प्राथमिकतामा बजेट तर्जुमा र कार्यान्वयन गर्न सक्नेगरी क्षमता बढाउने, निर्वाचित पदाधिकारीलाई शासन र कानुनको सम्यक ज्ञान दिने, प्रशासकीय कार्यविधिलाई कानुन सम्मत, प्रविधि सम्मत र पारदर्शी बनाई सार्वजनिक पैसामाथि हुने भ्रष्टाचार कम गर्ने, सेवाप्रवाहलाई छरितो बनाउने, भिन्न भिन्न स्थानीय सरकार सञ्चालनका लागि भिन्न भिन्न ऐन तर्जुमा गर्ने तथा स्थानीय सरकारलाई संघ र प्रदेश सरकारलाई झैं जनताप्रति उत्तरदायी हुनुपर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

स्थानीय सरकारको सफलताले संघीय शासनको जग बलियो हुने भएकाले स्थानीय सरकारलाई सक्षम, उत्तरदायी र जनताप्रिय बनाउन संघ, प्रदेश र स्वयं स्थानीय तह क्रियाशील र जिम्मेवार हुनुपर्छ ।

राजधानी दैनिक

# सबै सिट गठबन्धन दलहरुलाई सुम्पेर कांग्रेस बनवास जाने ? : रामचन्द्र

काठमाडौं । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आगामी संघ र प्रदेशको निर्वाचनमा दुई तिहाइ बहुमत सुनिश्चित हुने गरी गठबन्धन हुने दाबी गरेका छन् । नेता पौडेलले भने, स्थानीय तहको निर्वाचनमा गठबन्धनलाई व्यवस्थित ढंगले अघि बढाउन सकेको भए हाम्रो एक डेढ सय सिट बढ्थ्यो । अब संघ र प्रदेशको निर्वाचनमा दुई तिहाइ बहुमत सजिलै ल्याउने गरी गठबन्धन हुन्छ । तर त्यसका लागि के गर्ने, कसो गर्ने, कति गर्ने भन्ने मोडालिटी तयार भइसकेको छैन । माओवादी केन्द्रले ६० र एकीकृत समाजवादीले ४० सिट दाबी गरिरहेका छन् नि भन्ने पत्रकार धमलाको प्रश्नमा उनले भने, मेरो कुरा सफासाफी छ- पार्टीको क्षमता र हैसियत अनुसार सिट बाँडफाँड गर्नुपर्छ । सिट मात्र दिएर हुन्छ ? चुनाव जित्नुपऱ्यो नि ? टिकट लिने सिट ओलीलाई बुझाइदिने गर्न कसरी मिल्छ ? आफ्नो हैसियत हेर्नु परेन ? चुनाव हार्ने गरी सबै सिट अरुलाई सुम्पेर कांग्रेस बनवास जाने ? प्रचण्ड र वर्षमान पुनले पनि कांग्रेसलाई साइजमा राख्नुपर्ने बताइरहनुभएको छ नि भन्ने पत्रकार धमलाको अर्को प्रश्नमा वरिष्ठ नेता पौडेलले भने, मैले भनिसकें, कहाँ कसले जित्ने सम्भावना छ, त्यस अनुसार टिकट बाँड्नुपर्छ । अब वर्षमान पुनले भनेर के हुन्छ ? स्थानीय तह निर्वाचनमा रोल्पा, रुकुममा कांग्रेसलाई एउटा पनि दिनुभएन । वर्षमानले मिलाउने, मिलाउने भनेर धोका दिनुभयो । कसैले पनि तीनचारतिर खुट्टा राखेर डुंगा चलाउनु हुँदैन । ५ दलीय गठबन्धनमा दरार आयो नि भन्ने अर्को प्रश्नमा कांग्रेस नेता पौडेलले भने, दरार आउनु नेपाली राजनीतिको चरित्र नै हो । विभिन्न पार्टीका आआफ्ना दाबी र गुनासा नभएका होइनन् । तर स्थानीय तहमा जसको जे हैसियत हो, त्यस अनुसार नतिजा आएको छ । अब आआफ्नो संगठन बलियो बनाउन लाग्नुपर्छ । मुलुकको स्थायित्व, विकास र परिवर्तनका उपलब्धि रक्षाका लागि गठबन्धन बचाउनुपर्छ । बजेटको छलफल चलिरहेका बेला अपर्झट मन्त्री फेरबदलको कुरा आएकाले केही समस्या आएको पनि पौडेलले बताए । उनले भने, नेकपा (एकीकृत समाजवादी) को निर्णय अनुसार मन्त्री नबदल्ने कुरै होइन । बजेटको छलफल चलिरहेका बेला अपर्झट आयो । त्यसमा प्रधानमन्त्रीका केही बाध्यता होलान् । एकीकृत समाजवादीभित्रै कचमच छ । घरी हस्ताक्षर गर्छन् । घरी फिर्ता गर्छन् । प्रधानमन्त्रीले गराउँदिनँ भन्नुभएको छैन । सुरक्षित अवतरण गराउनु उहाँको दायित्व हो । तपाई त शेरबहादुर देउवाको 'रबर स्ट्याम्प' हुनुभयो नि भन्ने पत्रकार धमलाको प्रश्नमा पौडेलले भने, मैले पार्टीभित्र आलोचना, गुनासो र असहमति राख्दै आइरहेको हुँ । तर सबैले उहाँलाई सभापति बनाएपछि मैले के गर्ने ? बाटोमा गाली गर्दै हिँड्ने कुरा त हुँदैन मबाट । परेका बेला बोलिरहेकै छु । अर्को प्रसंगमा उनले बजारमा सरकारको हस्तक्षेप चाहिएको बताए । पौडेलले भने, सरकारले पेट्रोलियम पदार्थको भाउ घटाएर मात्र पुग्दैन । खुला व्यापारका नाममा खुलेआम कालोबजारी भइरहेको छ । सरकार जवाफदेहिताबाट उम्किन मिल्दैन । कृत्रिम महँगी र कालाबजारीमा हस्तक्षेप गर्न हिचकिचाउनु हुँदैन । कांग्रेस वरिष्ठ नेता पौडेलले मल ल्याउने जिम्मा व्यापारीलाई सुम्पनु नहुने पनि औंल्याए । पौडेलले थपे, कृषि सामग्री संस्थानको दशा दोहोर्याउने भूल गर्नुहुँदैन । राज्यले आफ्नो दायित्व व्यापारीलाई सुम्पँदा मलको हाहाकार हुन्छ । व्यापारीले त नाफा भए ल्याउँछ, नभए ल्याउँदैन ।

# दोलखामा निर्माणाधीन पुल भत्कियो

काठमाडौं । दोलखाको बिगु गाउँपालिका वडा नम्बर ४ स्थित झोरुङ खोलामा बन्दै गरेको पुलको टेका र फर्मा भत्किएको छ । यो पुलले विगु गाउँपालिकाको वार्ड नं ४ लाई ५, ६, ७ र ८ वडासँग जोड्थ्यो । पुल ढलान गर्ने तयारी अनुसार टेका लगाएर फर्मा राखिएको थियो । त्यहाँ छड बाँध्ने तयारी भइरहेको थियो । शनिबार ठाडो खोलामा आएको बाढीले भत्काइदिएको छ । तर प्राविधिक रुपमा गडबडीको शंका लागेपछि गाउँपालिकाले जेठ मसान्तमै काम रोक्न ठेकदारलाई निर्देशन दिएको थियो । विगु गाउँपालिकाका प्राविधिक शाखा प्रमुख एवम् सबइन्जिनियर सरोज खड्काले भने,

## अन्तराष्ट्रिय समाचार

# दक्षिण अफ्रिकाको रात्री क्लबमा १७ जना मृत भेटिए

काठमाडौं । दक्षिण अफ्रिकाको दक्षिणी शहर पूर्वी लन्डनमा अवस्थित एक राति क्लबमा आइतबार कम्तिमा १७ जना मानिस मृत फेला परेको प्रहरीले जनाएको छ । के कति कारण यी व्यक्तिहरुको मृत्यु भएको यसको विस्तृत विवरण भने प्राप्त भएको छैन् । 'हामीले पूर्वी लन्डनमा रहेको सिनरी पार्कमा रहेको स्थानीय क्षेत्रमा १७ जनाको मृत्यु भएको रिपोर्ट प्राप्त गरेका छौं, प्रान्तीय प्रहरी प्रमुख ब्रिगेडियर थेम्बिन्कोसी किनानाले भने । घटनाको वरिपरिको परिस्थितिबारे अझै अनुसन्धान गरिरहेको पनि उनले बताए । मृतक सबै १८ देखि २० वर्ष उमेरका छन् । सबै शव टेबलमा भेटिएको हो । मृतकको शरीरमा कुनै घाउ वा चोट लागेको पाइएको छैन् । विषाक्त खानाका कारण उनीहरुको ज्यान गएको अनुमान छ । ( एजेन्सीको सहयोगमा

# म्यान्मारकी प्रजातन्त्रवादी नेत्री सुकी नजरबन्दबाट एकान्त कारावासमा

भ्रष्टाचारको आरोपमा म्यान्मारको राजधानी नेपिटोमा सेनाले बनाएको जेल परिसरमा नजरबन्दमा राखिएकी प्रजातन्त्रवादी नेत्री आङ सान सुकीलाई एकान्त कारावासमा सारिएको छ । आपराधिक कानून बमोजिम उनलाई बुधबारदेखि एकान्त कारागारमा राखिएको सैनिक सरकारका प्रवक्ता जाव मिन तुनले बताएका हुन् ।सेनाले रक्तपातविहीन विप्लवबाट सत्ता हत्याएपछि सन् २०२१ को फेब्रुवरीयता सुकीलाई सैनिक सरकारले घरमै नजरबन्दमा राखेको थियो र पछि नेपिटोको कारागारमा बन्दी बनाएको थियो । लोकतन्त्रका निम्ति गरेको अनवरत सङ्घर्षका निम्ति नोबेल शान्ति पुरस्कार पाएकी ७६ वर्षीया सुकीमाथि सैनिक सरकारले मदतानमा धाँधली गरेको, वाकीटकी रेडियो सेट घरमा राखेको र कोरोनासम्बन्धी नियम तोडेकोलगायत आरोप लगाएको थियो ।

# भूकम्प पीडितलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई तालिवानको अपिल

अफगानिस्तानको तालिवान सरकारले भूकम्प पीडितको उद्धार र राहतका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोग मागेको छ । तालिवानका नेता अब्दुल कहार बाल्खीले भूकम्प प्रभावितलाई तत्काल आवश्यक राहत दिन सरकार आर्थिक रुपमा सक्षम नभएको बताए । उनले दातृ निकाय र छिमेकी देशहरुले सहयोग गरिरहेको भन्दै उनले थप सहयोगका लागि अपिल गरे । बुधबार बिहानै गएको भूकम्पमा परेर मृत्यु हुनेको संख्या १००० नाघेको छ भने १५०० बढी घाइते भएका छन् । भूकम्पबाट सबैभन्दा बढी प्रभावित पूर्वी प्रान्त पक्तिकामा ठाउँ ठाउँमा पहिरो गएको छ । उद्धारकर्ताले दोश्रो दिन पनि भत्किएका घरहरुमा खोजी तथा उद्धारको काम गरिरहेका छन् ।

# म्यान्मारकी प्रजातन्त्रवादी नेत्री सुकी नजरबन्दबाट एकान्त कारावासमा

भ्रष्टाचारको आरोपमा म्यान्मारको राजधानी नेपिटोमा सेनाले बनाएको जेल परिसरमा नजरबन्दमा राखिएकी प्रजातन्त्रवादी नेत्री आङ सान सुकीलाई एकान्त कारावासमा सारिएको छ । आपराधिक कानून बमोजिम उनलाई बुधबारदेखि एकान्त कारागारमा राखिएको सैनिक सरकारका प्रवक्ता जाव मिन तुनले बताएका हुन् । सेनाले रक्तपातविहीन विप्लवबाट सत्ता हत्याएपछि सन् २०२१ को फेब्रुवरीयता सुकीलाई सैनिक सरकारले घरमै नजरबन्दमा राखेको थियो र पछि नेपिटोको कारागारमा बन्दी बनाएको थियो । लोकतन्त्रका निम्ति गरेको अनवरत सङ्घर्षका निम्ति नोबेल शान्ति पुरस्कार पाएकी ७६ वर्षीया सुकीमाथि सैनिक सरकारले मदतानमा धाँधली गरेको, वाकीटकी रेडियो सेट घरमा राखेको र कोरोनासम्बन्धी नियम तोडेकोलगायत आरोप लगाएको थियो ।

# थाइल्याण्डमा विदेशी फिल्म छायांकनमा कर छुटको घोषणा

थाइल्याण्डले विदेशी फिल्म छायांकनका लागि कर छुट प्रदान गर्ने घोषणा गरेको छ । सरकारी प्रवक्ता रटचाडा थानादिरेकले आफ्नो मुलुकलाई विदेशी फिल्म सुटिङ गन्तव्य स्थलको रुपमा विकास गर्न आगामी पाँच वर्षसम्म करमुक्त गर्ने बताइन् । थाइ मन्त्रिपरिषदले मंगलबार यस्तो निर्णय गरेको हो । सन् २०१७ देखि २०२० सम्म छायांकनको लागि आउने विदेशी फिल्मबाट हुने कमाइ ३.५ बिलियन डलरबाट बढेर सन् २०२१ मा ५ बिलियन डलर पुगेको समेत प्रवक्ताले जनाइन् । उनका अनुसार थाइल्याण्डमा छायांकन हुने फिल्मलाई सरकारले २० प्रतिशत अनुदान दिने व्यवस्था पनि गरेको छ । पाँच वर्षसम्म कर छुट दिने सरकारको निर्णयबाट १७.५ बिलियन भाट आम्दानी हुने अपेक्षा छ । तर सरकारले ७१.७५ मिलियन भाट चाहिं राजस्व गुमाउनेछ । नेपाली फिल्म 'प्रेमगीत २' थाइल्याण्डमा सुटिङ भएको थियो । त्यसबाहेक केही नेपाली फिल्म, म्युजिक भिडियो र टीभी कार्यक्रम पनि थाइल्याण्डमा सुटिङ भएका छन् ।

# अमेरिकामा गर्भपतन सम्बन्धी सर्वोच्च अदालतको फैसलाले व्यापक हंगामा

आफ्नो एउटा महत्वपूर्ण निर्णयमा अमेरिकी सर्वोच्च अदालतले गर्भपतनलाई वैधानिकता दिने पाँच दशक पुरानो निर्णयलाई खारेज गरिदिएपछि देशका विभिन्न सहरमा प्रदर्शन भइरहेको छ । अब अमेरिकाका विभिन्न राज्यले महिलाका लागि गर्भपतनको अधिकार वैधानिक हुने कि नहुने सम्बन्धमा आ-आफ्नो नियम बनाउन सक्नेछन् । यसपछि अमेरिकाका आधाभन्दा बढी राज्यले गर्भपतनसम्बन्धी नयाँ प्रतिबन्धहरू लागू गर्न सक्ने विश्वास गरिन्छ । १३ राज्यले गर्भपतनलाई गैरकानूनी बनाउने कानुन पारित गरिसकेका छन्, सर्वोच्च अदालतको फैसलापछि यी कानुन लागू हुनेछन् । अमेरिकी सर्वोच्च अदालतले शनिबार रो बनाम वेड मुद्दामा ५० वर्ष पुरानो निर्णयलाई उल्टाएर गर्भपतनलाई कानुनी बनाएको छ र संविधानले गर्भवती महिलालाई गर्भपतनसम्बन्धी निर्णय गर्ने अधिकार दिएको बताएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले सर्वोच्च अदालतको फैसलालाई 'ठूलो गल्ती' भनेका छन् ।

# कवि अभिलाषीको 'मौलामा बाँधिएको राँगो'को दाङ विमोचन

दाङ। कवि नवीन अभिलाषीको कृति 'मौलामा बाधिएको राँगो'को दाङ विमोचन गरिएको छ। यसअघि काठमाडौमा कवि एवं समालोचक डा. अमर गिरीले यो कृतिको विमोचन गरेका थिए।

उदाहरण समूह नेपालको आयोजनामा कवि अभिलाषीको उक्त कविता संग्रहको शनिबार गृह जिल्लामा विमोचन गरिएको हो। कृतिमाथि विमर्श समेत गरिएको छ।

कृतिबारे बोल्दै समालोचक टिकाराम उदासीले कविताले समकालीन समाजको यथार्थ चित्रण गरेको बताए।

'कवितामा समकालीन यथार्थका बिम्बहरु झल्किएको छ,' उनले भने, 'केही कविता निराशावादी देखिन्छन्। तर कविताको मूल स्वर आशावादी छ, परिवर्तनको पक्षमा छ।'

कृतिले समकालीन समाजको कुरुप विम्ब उठाउँदै सामाजिक विकृतिमाथि प्रहार र गहिरा प्रश्न गरेको बताए।

कवि अभिलाषीले कवितामा समाजमा व्याप्त जात व्यवस्था, अन्याय, सामाजिक र राजनीतिक विकृतिमाथि प्रश्न गर्दै विम्बका रुपमा उतार्ने खोजेको बताए। 'हामी बाँचेको समाज कस्तो छ, त्यही कुरा कविताबाट भन्न खोजेको छु,' उनले भने।



## गद्य कविताः असार पन्ध्र



जब जब असार पन्ध्र नजिक आउछ
किसानको निधारबाट पसिना चुहन थाल्छ
त्यही पसिनाको जलले गरा टलपल हुन्छ
मुठी रोपी, मुरी फलाउने अठोट पलाउछ
अनि त उसले दिन र रात एक बनाउछ।
जब जब मेघ गर्जन्छ अनि पानी बर्सन्छ
किसान हातमा कोदालो र पिठिउँमा घुम बोक्छ
त्यही कोदालोले खेतका आली ठड्याउछ
हातमा बिउ भिजेको जिउ, उनीलाई सम्झन्छ
अनि मनको लड्डु घिउसँग खादै हलो समाउछ।
जब जब रोपारले बिउ हिलोमा गाड्छन
बाउसेले असारे भाकामा भाका मिलाउछन
त्यही भाकामा बारीबाट मकैका पात बज्छन
कोही सुसेली हाल्छन कोही सुस्केरा हाल्छन
अनि मङ्सीरमा भित्र्याउने मायाको टुसा पलाउछन।
जब जब श्रावण लाग्छ उसको बाली बढ्छ
किसान मस्तिस्कमा एउटा सपना बुन्छ
त्यही सपना ऊ बिपनामा सबैलाई बाड्छ
धानखेत गोड्दै आफ्नो सपनालाई निखार्छ
अनि ऊ आलीमा टुक्रुक्क बसेर मुस्कुराउछ।
जब जब खेतमा धानका बाला झुल्छ
किसानको भाग्यको ढोका खुल्छ
त्यही भरोसामा साहुसँग ऋण माग्छ
मङ्सिर लाग्छ, उसको बाली पाक्छ
अनि बल्ल ऊ आफ्नो फाटेको दौरा फेर्छ।
जब जब बोरा बोरामा धान भरिन्छ
किसानको ऋणले लौरो उठाउछ
त्यही लौरो टेक्दै साहु खेतमा आउछ
धानका भारी, साहुको घरतिर जान्छ
अनि ऊ थाप्लोको टोपी झिकेर आसु पुछ्छ।
जब जब अहिले फेरि असार पन्ध्र आउछ
बुढो किसान यि ब्यथा नातीलाई सुनाउछ
उसको नाती यसलाई दन्त्य कथा बनाउछ
नाती धान र चामल दुबैलाई राइस नै मान्छ
अनि चामल त फ्याक्ट्रीमा बन्छ हजुरबा भन्छ
जब जब सडकहरुमा भेल बग्न थाल्छ
किसान आफ्नो खेतका गराहरु खोज्छ
त्यहाँ प्लटिङ्ग र ढलानमा उम्रेका भवन भेट्छ
गैरी खेतका फोटाहरु पालै पालो औलाले छुन्छ
अनि खै के हुन्छ हुन्छ ऊ धुरु धुरु रुन्छ
जब जब अहिले फेरि असार पन्ध्र आउछ
अनि खै के हुन्छ हुन्छ किसान धुरु धुरु रुन्छ।

डा. अमर कार्की
ठेचो, ललितपुर
हाल: वेस्ट पामबिच, फ्लोरिडा

# स्रष्टाहरूले आफ्नो सिर्जनाबाट 'नाम' र 'दाम' दुबै पाउनुपर्नेमा बिज्ञहरूको जोड

नेपाली लेखक सङ्घ केन्द्रीय समितिले राजधानी काठमाडौंमा प्रतिलिपी अधिकार संरक्षण विषयक एक बृहत् बिचार गोष्ठीको आयोजना गरेको छ।




हरेक व्यक्तिले आफ्नो मौलिक सिर्जना प्रकाशन, प्रशारण, उत्पादन तथा पुनर्उत्पादनको गर्दा 'नाम' र 'दाम' दुबै कुराको शुनिश्चितता पाउनुपर्ने कानूनी मान्यता रहेको प्रतिलिपी अधिकार संरक्षणका क्षेत्रमा लागेका बिज्ञहरूले बताएका छन्। नेपालको संबिधान -२०७२ ले बौद्धिक सम्पत्तिलाई संबैधानिक अधिकारको रूपमा लिएकोले स्रष्टाहरूले आफ्नो मौलिक सिर्जनाको अधिकारलाई सुनिश्चित गर्नुपर्ने पनि बिज्ञहरूले सुझाएका छन्।

नेपाली लेखक सङ्घले आयोजना गरेको प्रतिलिपी अधिकार संरक्षण विषयक विचार गोष्ठीमा प्रतिलिपी अधिकार रजिष्टारको कार्यलयमा लामो समय कामगरेका प्रतिलिपी अधिकारका बिज्ञ बिसुकुमार के.सी., कानून व्यवसायी तथा प्रतिलिपी अधिकारका जानकार राजकुमार सुवाल र वरिष्ठ कवि तथा प्रतिलिपि अधिकारका क्षेत्रका अध्यता हरि अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा नेपाल सरकारका पूर्व सचिब तथा वरिष्ठ गीतकार दिनेशहरि अधिकारीले गीत-संगीतको तुलनामा नेपाली साहित्यका क्षेत्रमा प्रतिलिपी अधिकारको बहस निक्कै कम उठ्ने गरेको र सर्जकले आफ्नो सिर्जनाको अधिकारमा अनबिज्ञ रहेको बताउनुभयो। आफू सर्जक र नीति निर्माणको क्षेत्रमै रहँदा पनि कतिपय अबस्थामा आफ्नै सिर्जनाको दुरुपयोग हुँदा समेत मुकदर्शक बन्नु परेको वर्तमान यथार्थ रहेको उहाँले बताउनु भयो।

कार्यक्रममा अतिथिका रूपमा लेखक सङ्घका सल्लाहकारहरू डा.तुलसी भट्टराई, डा.बिष्णुविभु घिमिरे, डा ज्ञानू पाण्डे, डा कुमारप्रसाद कोइरालाले पनि बिचार गोष्ठीमा भाग लुनुभएको थियो। प्रदेश नं १ कि प्रदेश संसद सन्जाकुमारी दनुवार पनि कार्यक्रममा सहभागी हुनुहुन्थ्यो।

नेपाली लेखक सङ्घका अध्यक्ष तथा वरिष्ठ कवि तीर्थ श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा सभापतिको रूपमा मन्तव्य राख्दै श्रेष्ठले नेपाली लेखकहरूलाई सरकारका निकायहरूबाटै सर्जकहरूको बौद्धिक अधिकारमाथि चरम दुरुपयोग भइरहेको बताउनु भयो। उहाँले भन्नु भयो "- सरकारी पाठ्यसामग्रीमा नेपाली साहित्यकारको रचना समावेश गर्छ, तर लेखकलाई लेखकश्व दिनु त टाढाको कुरा भयो। पाठ्यसामग्रीका रूपमा पुस्तकमा समावेश भएको सूचना समेत लेखकहरूलाई नदिने आरोप लगाउनु भयो।" कार्यक्रममा नेपाली लेखक सङ्घका उपाध्यक्ष तथा कवि कृसु क्षेत्रीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने महासचिव सोझो गाउँलेले कार्यक्रमको संचालन गर्नुभएको थियो। कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू सङ्घको आगामी प्रकाशनमा प्रकाशित गरिने अनुशन्धान तथा प्रकाशन बिभागका संयोजक डा. शैलेन्दुप्रकाश नेपालले जानकारी दिनुभयो।



# कवि रुद्र अधिकारीको चौथो मुक्तक संग्रह विमोचन

चिल्ड्रेन हेराल्ड एकेडेमी बालुवाटारमा लिलाध्वज साहित्य प्रतिष्ठानको आयोजनामा स्रष्टा सम्मान, रचना वाचन एवम् कवि रुद्र अधिकारीको चौथो

मुक्तक संग्रह "नोचोरिएको जिन्दगी"को संस्कृतिविद् एवम् वरिष्ठ कवि तुलसी दिवसले भव्य समारोह बीच विमोचन गर्नुभयो।सोही समारोहमा बरिस्ठ आख्यानकार पद्मावती सिंहलाई सम्मान गरिएको थियो।

जलेश्वरी श्रेष्ठ ,डा.रेणुका सोलु,राम प्रसाद पन्त ,ठाकुर प्रसाद शर्मा ,गोविन्द घिमिरे वेदमणी,प्रकाश घायल,सुरेश बैद्य,रवीन्द्र आशिष शैली ,भुवन सिवाकोटी चौघरे,राध कार्की दुलाल, शान्ति शर्मा ,इन्दु पन्त ,

कुमार नेपाल ,बासुदेव गुरगाई, मुकुन्द न्यौपाने ,विमला अधिकारी देवकोटा ,विमला दाहाल ,एन बि जनकपुरे,



गुप्त बहादुर श्रेष्ठ,धरणिधर गुरागाई, लगाएत ४०/४५ कवि/कवयत्रीहरूले आ-आफ्नो रचना वाचन गर्नु भएको थियो।

प्रतिष्ठानका अध्यक्ष विजयध्वज थापाको सभापतित्वमा भएको कार्यक्रम कवि उत्तम विचारले संचालन गर्नु भएको थियो।

# रामेछाप-काठमाडौँ पत्रकार समाजले गरेको कार्यक्रमको केही झलक









# नयाँ बजाज पल्सर एन १६० : यस्ता छन् ५ महत्वपूर्ण फिचर

बजाजले एन २५० मा आधारित १६० सीसीको पल्सर एन १६० नेकेड स्पोर्ट्स बाइक लन्च गरिसकेको छ। पल्सर एन १६० बाइकले टीभीएस अपाचे आरटीआर १६० ४भी, यामाहा एफजेड र सुजुकी जिक्सरसँग प्रतिस्पर्धा गर्नेछ। सो बाइकको विशेषताहरु यस्तो छ।

भेरिएन्ट

नयाँ पल्सर एन१६० सिंगल च्यानल एबीएस र ड्युअल च्यानल एबीएस गरी २ भेरिएन्टमा लन्च गरिएको छ। ड्युअल च्यानल एबीएसको मूल्य १ लाख २८ हजार भारुमा क्यारिबियन ब्लू, रेसिङ रेड र टेक्नो ग्रे विकल्पमा उपलब्ध छ भने सिंगल च्यानल एबीएस भेरिएन्टको मूल्य १ लाख २३ हजार भारुमा ब्रुकलिन ब्ल्याक शेडमा मात्र उपलब्ध छ।

फिचर

नयाँ पल्सर एन१६० को डिजाइन पल्सर एन२५० सँग मिल्दोजुल्दो छ। तर यसको एक्जस्टमा भने फरक छ। यसमा एनएस १६० मा जस्तै अन्डर बेली एक्स्जस्ट सिस्टम प्रयोग गरिएको छ। नयाँ पल्सर यूएसबी चार्जिङ पोर्ट, १४ लिटर फ्युल ट्याङकी, अलोय ह्विल, टेललाइट, स्प्लिट सिट र डिजी एनालग इन्स्ट्रयुमेन्ट क्लस्टरले सुसज्जित छ।

नयाँ च्यासिस र सेग्मेन्ट फर्स्ट ड्युअल च्यानल एबीएस

यसमा भएको मुख्य परिवर्तन नै नयाँ ट्युबुलर फ्रेम च्यासिस हो। यो एनएस १६० मा भन्दा हल्का छ। त्यसैगरी सेग्मेनटकै पहिलो ड्युअल च्यानल एबीएस छ।

इन्जिन

नयाँ बजाज पल्सर एन१६० मा पहिले जस्तै १६४.८२ सीसी, सिंगल सिलिन्डर इन्जिन प्रयोग गरिएको छ, जसले १६ बीएचपीको अधिकतम पावर र १४.६५ एनएमको अधिकतम टर्क जेनेरेट गर्छ। सो इन्जिनमा ५ स्पिड गियरबक्स जडान गरिएको छ। ड्युअल च्यानल भेरिएन्टमा ३०० एमएम फ्रन्ट डिस्क र सिंगल च्यानल भेरिएन्टमा २८० एमएम फ्रन्ट डिस्क जडान गरिएको छ।

टायर

बाइकमा ३७ एमएमको टेलिस्कोपिक फोर्क अप फ्रन्ट र मोनो-शक प्रयोग गरिएको छ। बाइकको फ्रन्टमा १००/८०-१७ इन्चको टायर र रियरमा १३०/७०-१७ इन्चको टायर जडान गरिएको छ। सिंगल च्यानल एबीएसको तौल १५२ केजी र ड्युअल च्यानल एबीएसको तौल १५४ केजी छ।



## गर्मी र बर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिङ्गा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुला रुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस